प्रभाव दैनिक
National Daily

पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।
प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल–७, काठमाडौं
☎ ०१४३७३५७७/९७६१८१५४०००/९८४११५१२१७/९८४१२४६२६९
marketing2prabhab@gmail.com

वर्ष ११ | अंक ३० | काठमाडौं | बुधबार, ०९ जेठ २०८१ | Prabhab National Daily | Wednesday, May 22, 2024 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-



सञ्चारगृहमाथि गृहमन्त्रीको प्रतिशोध

कान्तिपुरका अध्यक्ष सिरोहिया कार्यकक्षबाटै पक्राउ

सञ्चारगृहबाट नै सञ्चार उद्यमीको गिरफ्तारी कुनै हालतमा स्वीकार्य छैन । गणतान्त्रिक लोकतन्त्रको यो शासनपद्धतिमा आमसञ्चारमाथिको यस्तो प्रहारप्रति मिडिया एलाइन्स नेपाल कुनै हदसम्मको प्रतिरोध गर्न तयार छ ।

■ मिडिया एलाइन्स नेपाल

■■■

नागरिकता त्यागेर अमेरिका गएको एउटा व्यक्ति जसले आफूमाथि लागेको आरोपको छानबिन गर्न दिँदैनन् । केपी ओली रवि लामिछानेको राजनीतिक अभिभावक बनेका छन् । प्रचण्ड निरीह प्रधानमन्त्री बनेका छन् । सिरोहियाको पक्राउले खतराको संकेत गरेको छ ।

■ युवराज घिमिरे
वरिष्ठ पत्रकार

■■■

सरकारका उपप्रधान तथा गृहमन्त्री रवि लामिछानेमाथि लागेका विभिन्न आरोपका सन्दर्भमा निरन्तर समाचार 'फलोअप' गर्दै आएको कान्तिपुर दैनिक, त्यसको सम्पादकीय नेतृत्व तथा समग्र सञ्चार क्षेत्रलाई लाञ्छित गर्नेगरी उपप्रधान तथा गृहमन्त्री लामिछानेले दिएका अभिव्यक्तिहरूले सिरोहियालाई पक्राउ गरिएको घटना प्रतिशोधपूर्ण रहेको पुष्टि गरेको छ ।

■ नेपाल पत्रकार महासंघ

तस्बिर सौजन्यः इकान्तिपुर

■ प्रभाव संवाददाता

काठमाडौं– कान्तिपुर मिडिया ग्रुपका अध्यक्ष कैलाश सिरोहियालाई प्रहरीले कार्यकक्षबाटै पक्राउ गरेको छ । उपत्यका अपराध अनुसन्धान कार्यालय काठमाडौंका प्रहरी वरिष्ठ उपरीक्षक सानुराम भट्टराई र प्रहरी उपरीक्षक रवीन्द्र रेग्मीको टोलीले अध्यक्ष सिरोहियालाई कान्तिपुर पब्लिकेसनको थापाथलीस्थित कार्यालयबाट मंगलबार साँझ पक्राउ गरेको हो ।

सिरोहियालाई मंगलबार नै धनुषाको जनकपुर लगिएको छ । कीर्ते नागरिकता अभियोगमा जिल्ला अदालत धनुषाका न्यायाधीश चित्रबहादुर गुरुङको एकल इजलासले अध्यक्ष सिरोहियाविरूद्ध पक्राउ पुर्जी जारी गर्न आदेश दिएको थियो । सिरोहियालाई आज (बुधबार) जिल्ला अदालत धनुषामा पेस गर्ने तयारी गरिएको छ । कान्तिपुरले सहकारी ठगीसम्बन्धी समाचार निरन्तर प्रकाशन गरेको थियो । उक्त प्रकरणमा उपप्रधान तथा गृहमन्त्री रवि लामिछाने मुछिएको समाचार लेखेको प्रतिशोधमा आफूलाई पक्राउ गरेको अध्यक्ष सिरोहियाले बताएका छन् ।

'यो देशमा कानुन छ भने दुईवटा पासपोर्ट बोक्ने, सहकारी ठगीमा प्रमाणित भएको समाचार छ। मलाई गिरफ्तार गरिएको नागरिकता काण्डमा होइन, सहकारीको ठगी काण्डको विरुद्ध समाचार लेखेकोमा हो । भोलि सहकारी ठगी गर्नेको नाममा पनि वारेन्ट जारी हुन्छ भन्नेमा म विश्वस्त छु' पक्राउ पर्नुअघि सिरोहियाले भिडियो वक्तव्य जारी गर्दै भने ।

गृहमन्त्री लामिछानेले सहकारी ठगीसँग सम्बन्धित समाचारको निरन्तर खण्डन गर्दै त्यसको तथ्यमाथि प्रश्न उठाउँदै आएका छन् । सोही प्रकरणबारे छानबिन गर्न संसदीय छानबिन समिति गठन गर्नुपर्ने मागसहित प्रमुख प्रतिपक्षी नेपाली कांग्रेसले निरन्तर संसद् अवरोध गर्दै आएको छ । गृहमन्त्री लामिछाने भने त्यसमा तयार छैनन् । उल्टै उनी सञ्चारमाध्यममाथि प्रतिशोध साँध्न लागिपरेका छन् ।

राजाको प्रत्यक्ष शासनकालमाभन्दा बढी तानाशाही रूपमा गृहमन्त्री लामिछाने अगाडि बढेको भन्दै विभिन्न सञ्चार संगठनहरूले विरोध जनाएका छन् । यो मुलुकमा गणतन्त्र ल्याउन सञ्चारमाध्यमले खेलेको भूमिकामाथिकै अवमूल्यन भएको उनीहरूको ठहर छ । मिडिया सोसाइटी, मिडिया एलाइन्स नेपाल, नेपाल पत्रकार महासंघ, नेपाल प्रेस युनियनलगायत संगठनले प्रेस विज्ञप्ति जारी गर्दै गृहमन्त्रीको यो कदम गणतन्त्रमाथिकै खतराको संकेत भएको बताएका छन् ।

(**क्रमशः पृष्ठ २ मा**)

प्रधानमन्त्री गरिब, मन्त्री धनी

■ जेबी योञ्जन

- उपप्रधानमन्त्रीहरु रघुवीर महासेठ र रवि लामिछानेसँगै मन्त्रीहरु धनबहादुर बुढा, सुमना श्रेष्ठ र डिपी अर्याल धनी
- अधिकांश मन्त्रीसँग सुन, चाँदी, घर, गाडी र बैंकमा मौज्दात

काठमाडौं– आर्थिक पारदर्शिताका लागि भन्दै मन्त्रीदेखि प्रधानमन्त्रीसम्मले बल्ल सम्पत्ति विवरण सार्वजनिक गरेका छन् । भ्रष्टाचार निवारण ऐनको दफा ५० अनुसार सार्वजनिक पद धारण गरेको व्यक्तिले त्यस्तो पदमा बसेको ६० दिनभित्र र त्यसपछि हरेक आर्थिक वर्ष समाप्त भएको मितिले ६० दिनभित्र आफ्नो वा आफ्नो परिवारको नाममा रहेको सम्पत्तिको स्रोत वा निस्सासहितको अद्यावधिक विवरण नेपाल सरकारलाई बुझाउनुपर्ने व्यवस्था गरेको छ ।

यही प्रावधानअनुसार मंगलबार मन्त्रिपरिषद् बैठकले निर्णय गरेर प्रधानमन्त्री पुष्पकमल दाहालसँगै उनका मन्त्रिपरिषद्मा रहेका मन्त्रीहरूको सम्पत्ति विवरण सार्वजनिक भएको हो । जसअनुसार प्रधानमन्त्री दाहालको सम्पत्ति भरतपुर महानगरपालिका-१४ मा १४ कठ्ठा पार्किङको जग्गासहितको घर छ । स्व. धर्मपत्नी सीता दाहालको नाममा रहेको उक्त घर र जग्गा पैतृक सम्पत्ति भएको उल्लेख छ ।

भरतपुर महानगरपालिकामा स्व. दाहालको नाममा एक कठ्ठा जमिन रहेको र यो अंशबाट प्राप्त भएको भनिएको छ । प्रधानमन्त्री दाहालसँग पाँच तोला सुन छ, यो पनि पैतृक भएको विवरणमा सम्पत्ति विवरणमा उल्लेख छ । उनीसँग २५ लाख नगद एभरेस्ट बैंकमा रहेको र उक्त नगदको स्रोत प्रतिनिधिसभा सदस्यका हैसियतमा प्राप्त भएको जनाएका छन् । विवरणअनुसार प्रधानमन्त्री दाहालको नाममा कुनै पनि पशु धन, ऋण र सवारीसाधन छैन । तर, उनको पैतृक सम्पत्ति भने २०७३ सालमा प्रधानमन्त्री हुँदाभन्दा बढेको देखिएको छ । त्यसबेला एक कठ्ठा पैतृक सम्पत्ति र तीन तोला सुन रहेको भनिएकोमा यसपटक दाहालले १४ कठ्ठा जमिन र पाँच तोला सुनलाई पैतृक सम्पत्ति भनेका छन् । यहाँ प्रधानमन्त्री दाहालको सम्पत्तिमाथि प्रश्न उठ्ने देखिएको छ ।

दाहाल सरकारमा उपप्रधान, भौतिक पूर्वाधार तथा यातायातमन्त्री रहेका रघुवीर महासेठ सर्वाधिक धनी मन्त्री देखिएका छन् । तर, अधिकांश सम्पत्ति श्रीमतीसमेत रहेकी सांसद जुलीकुमारी महतोको नाममा देखाएका छन् । महतोको नाममा जनकपुरमा ४२ सय वर्गमिटर जग्गामा घर, ललितपुरमा दुई रोपनी १३ आना जग्गा र घर, धनुषामा सात बिघा क्षेत्रफल जग्गा, ललितपुरकै अर्को ठाउँमा एक रोपनी सात आना जग्गा रहेको छ । मन्त्री महासेठको नाममा धनुषामा एक बिघा बढी जग्गा रहेको छ ।

(**क्रमशः पृष्ठ २ मा**)

सन्दर्भः वैदेशिक रोजगार

सातै प्रदेशमा 'श्रमाधान रोजगार मेला'को तयारी

■ प्रभाव संवाददाता

- जेठ १७ देखि ३० गतेसम्म मेला सञ्चालन गरिने
- प्रत्येक प्रदेशमा दुई दिनको मेला हुने
- जेठ १७ र १८ गते कोशीको विराटनगरबाट सुरू हुने

काठमाडौं– श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको अग्रसरतामा सातवटै प्रदेशमा 'श्रमाधान रोजगार मेला' आयोजना गरिने भएको छ । नेपाली नागरिकलाई रोजगारको बहुआयामिक गतिविधिसँग जोड्ने प्रयासस्वरूप सातै प्रदेशमा मेला आयोजना गर्न लागिएको मन्त्रालयले जनाएको छ ।

श्रममन्त्री डोलप्रसाद अर्यालले मन्त्रालयले आयोजना गर्न लागेको प्रदेशस्तरीय मेला सुरुआतमात्रै भएको बताए । मंगलबार मन्त्रालयमा आयोजित पत्रकार सम्मेलनमा उनले आगामी दिनमा जिल्ला, स्थानीय तह र वडासम्म पनि पुऱ्याउने बताए । मेलामा रोजगारीको खोजी गरिरहेका व्यक्ति, रोजगारदाता, तालिमप्रदायक संस्था तथा वैदेशिक रोजगारसम्बन्धी सबै खालको जानकारी दिने व्यवस्था गरिएको उनले बताए । 'मेलामा रोजगारीको खोजीमा रहेका व्यक्तिले रोजगारदातासम्म कसरी पुग्ने, अवसरको कसरी पहिचान गर्ने भन्ने विषयमा जानकारी पाउन सक्ने छन् । त्यस्तैगरी रोजगारीका लागि आवश्यक सीपको बारेमा पनि जानकारी गराइने छ,' मन्त्री अर्यालले भने ।

मेला यही जेठ १७ देखि ३० गतेसम्म सातवटै प्रदेशमा सञ्चालन हुने मन्त्रालयले जनाएको छ । मेला हरेक प्रदेशमा दुई दिन चल्ने छ । नेपालको रोजगार परिदृश्यको विशेष आवश्यकतालाई सम्बोधन गर्न रणनीतिकरूपमा तयार गरिएको मेलाले रोजगार खोज्ने र रोजगारदाताहरूबीच मध्यस्थताको काम गर्ने मन्त्रालयको अपेक्षा छ। मेलामा श्रमिकको सबै खालको समस्या समाधानका लागि सञ्चालन गरिएको श्रमाधान योजना, सामाजिक सुरक्षा कोष, वैदेशिक रोजगार बोर्डलगायत विभिन्न खालका तालिमप्रदायक संस्थाहरूको पनि सहभागिता रहने छ ।

(**क्रमशः पृष्ठ २ मा**)

मलेसियामा आप्रवासी कामदार भर्नामा प्रतिबन्ध निरन्तर

काठमाडौं (प्रस)– मलेसिया सरकारले आप्रवासी कामदार भर्नामा लगाइएको रोकलाई आगामी दिनमा पनि निरन्तर दिने निर्णय गरेको छ । मलेसियाका गृहमन्त्री सैफुद्दीन नासुशन इस्माइलले रोजगारदातालाई नयाँ कामदार भर्नाका लागि कोटामा लगाइएको बन्देज अझै निरन्तर रहने निर्णय भएको बताएका हुन् ।

गृहमन्त्री सैफुद्दिनले पुत्राजयमा पत्रकार सम्मेलन गरेर मलेसियामा विदेशी कामदारको संख्या अर्थ मन्त्रालयले प्रक्षेपण गरेको एक करोड ७१ लाख श्रमशक्तिको १५ प्रतिशतभन्दा बढी हुन नहुने उल्लेख गर्दै हाललाई नयाँ कोटा नदिने बताएको त्यहाँको सञ्चारमाध्यम 'द एज मलेसिया'ले जनाएको छ । यस निर्णयसँगै मलेसिया सरकारले अझै केही समय आप्रवासी कामदार नलिने भएको छ। तर यसको निरन्तरता कहिलेसम्म रहन्छ भन्ने कुरा गृहमन्त्री इस्माइलले खुलाएनन् ।

रोजगारदातालाई आप्रवासी कामदार भर्ना गर्न दिइएको कोटा पूरा हुन देखिएपछि थप कामदार नलिने नीति अघि सारेको हुनसक्ने उक्त सञ्चारमाध्यमले उल्लेख गरेको छ । मलेसियाले २०२३ मार्चदेखि नै आप्रवासी कामदार भर्नामा रोक लगाएको छ। त्यहाँको मन्त्रालयले तोकेको अधिकतम सीमा डिसेम्बर ३१ सम्ममा पुग्ने अपेक्षा गरिएको छ ।

(**क्रमशः पृष्ठ २ मा**)


गर्मीमा तातो हावा वा लुबाट जोगिने उपायहरू
दिउँसो घरबाट बाहिर ननिस्कने
फलफूलको रस र पानी पिउने र धेरै पसिना आएमा कहिलेकाहीं जीवनजल पिउने
बाहिर निस्कनै परे पातलो कपडाले टाउको छोप्ने वा छाता ओढ्ने
चिसो पानीले नुहाउने
मदिरा सेवन नगर्ने
खेतबारीमा कामकाज सकभर बिहान वा बेलुका गर्ने
क्याफिनले धेरै पिसाब गराउँने हुँदा चिया, कफी, सोडा जस्ता पेयपदार्थ नपिउने
चिनीको मात्रा बढी भएको झोल पदार्थ बढी नपिउने
जनहितमा जारी सन्देश
प्रभाव दैनिक
www.prabhabonline.com
प्रभाव पब्लिकेसन प्रा.लि.
कामपा–७, सिफल, काठमाडौं

पृष्ठ १ बाट क्रमशः

सञ्चारगृहमाथि...

सञ्चारगृहमा बर्दीसहितको प्रहरी प्रवेश गरेर सञ्चालकलाई पक्राउ गरिएको घटनाले सरकार प्रेसमाथि नियन्त्रण गरी तानाशाही बन्न खोजेको पुष्टि भएको सरोकारवालाहरूको भनाइ छ।

मिडिया एलाइन्सको विरोध

मूलधारका सञ्चारमाध्यमहरूको छाता संगठन मिडिया एलाइन्स नेपालले सिरोहिया पक्राउप्रति आपत्ति जनाएको छ। सहकारी ठगी प्रकरणमा गृहमन्त्री लामिछानेको संलग्नतालाई लिएर निरन्तर समाचार प्रकाशन गरेपछि सिरोहियामाथि प्रतिशोध साँधेको एलाइन्सको ठहर छ। एलाइन्सले यस्तो घटनाको प्रतिरोध गर्नेसमेत जनाएको छ। 'सञ्चारगृहबाट नै सञ्चार उद्यमीको गिरफ्तारी कुनै हालतमा स्वीकार्य छैन। गणतान्त्रिक लोकतन्त्रको यो शासनपद्धतिमा आमसञ्चारमाथिको यस्तो प्रहारप्रति मिडिया एलाइन्स नेपाल प्रतिरोध गर्न तयार छ,' मिडिया एलाइन्सले भनेको छ।

सामान्य सोधपुछविनै सरकारले सिरोहिया पक्राउ गरिएको विषय स्वीकार्य नहुने एलाइन्सको भनाइ छ। 'कुनै पनि अपराधको कानुनी पक्षमा छानबिन सोधपुछ अनि कारबाही प्रक्रियाभित्रको विषय होला तर विनासोधपुछ सञ्चारगृहमा बर्दीसहितको प्रहरी प्रवेश गरी हस्तक्षेप गर्नु स्वतन्त्र प्रेसमाथिको आक्रमण हो। यो कुनै हालतमा स्वीकार्य छैन,' एलाइन्सले भनेको छ।

पक्राउ घटनाको चौतर्फी विरोध

कान्तिपुर मिडिया ग्रुपका अध्यक्ष सिरोहियालाई पक्राउ गरिएको घटनालाई लिएर चौतर्फी विरोध सुरु भएको छ। नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले सिरोहिया पक्राउ प्रकरण अलोकतान्त्रिक कदम भएको बताएका छन्। 'कान्तिपुर मिडिया ग्रुपका अध्यक्ष कैलाश सिरोहियालाई प्रतिशोधपूर्ण ढंगबाट पक्राउ गरिनु सरकारको अलोकतान्त्रिक कदम हो। मिडियालाई तर्साउने उद्देश्यसहितको गठबन्धन सरकारको यो निर्णय खेदजनक छ,' देउवाले भनेका छन्।

नेपाली कांग्रेसका पूर्वउपसभापति विमलेन्द्र निधिले सिरोहियाको गिरफ्तारी सरकारको नांगो कर्तुत भएको बताए। उनले सिरोहियालाई तत्काल रिहा गर्न मागसमेत गरेका छन्। 'कान्तिपुर मिडिया ग्रुपका अध्यक्ष कैलाश सिरोहियाको गिरफ्तारी प्रतिशोधको नांगो कर्तुत हो। यसको भर्त्सना गर्दछु। जनकपुरमा उनको र मेरो घर सडकको वारिपारि हो, उनको मातापिता र पुरै परिवारलाई म राम्ररी चिन्दछु। सञ्चार क्षेत्रमा उनको योगदान अद्वितीय छ। तत्काल उनको रिहाइको माग गर्दछु,' निधिले भनेका छन्।

कांग्रेस नेता डा. शेखर कोइरालाले सिरोहिया पक्राउ घटना प्रतिशोध साँध्न गरिएकोले स्वीकार्य नभएको बताएका छन्। 'आफू दोहोरो पासपोर्ट लिँदै हिँड्ने र सहकारी ठगीको आरोपविरुद्ध छानबिन हुन नदिने तर तीन दशकदेखि सूचना प्रवाह र लोकतन्त्रको पहरेदार भई उभिएको कान्तिपुर मिडिया ग्रुपका अध्यक्ष कैलाश सिरोहियामाथि प्रतिशोध साँध्न गरिएको पक्राउ स्वीकार्य छैन,' कोइरालाले भनेका छन्, 'प्रहरीले सही र गलत छुट्याउनेमा विश्वस्त छु।'

कांग्रेस महामन्त्री गगन थापाले विषयान्तर गर्न गृहमन्त्री रवि लामिछानेले चालेको चाल भएको आरोप लगाए। आफूमाथि प्रश्न उठेपछि लामिछानेले यस्तो चाल चालेको थापाको आरोप छ। 'कान्तिपुर मिडिया ग्रुपका अध्यक्ष कैलाश सिरोहियालाई कानुनविपरीतको काम गरेको भनेर पक्राउ गरेको भनिए पनि यो बदनियतपूर्ण ढंगले प्रतिशोध पूरा गर्न गरिएको बहाना मात्र हो,' महामन्त्री थापाले चेतावनी दिएका छन्, 'मुख्य कुरा, यो राज्यसत्ताको पहुँचको दुरूपयोग गर्दै आफूमाथि प्रश्न गर्नेहरूलाई रोक्न, विषयान्तर गर्न र आफ्नो अपराध ढाकछोप गर्न गरेको दुस्प्रयास हो। आफूमाथिका प्रश्न रोक्न यस्ता असफल प्रयास हिजो निरंकुशकालमा र सत्ता शक्तिको उन्मादमा धेरै पटक भएका हुन्-हेक्का रहोस्।'

पूर्वप्रधानमन्त्री एपमा नेपाल समाजवादी पार्टीका अध्यक्ष डा. बाबुराम भट्टराईले माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहालले ज्ञानेन्द्रपथ अनुशरण गरेको आरोप लगाए। जनयुद्धकालमा आफ्नो लेख कान्तिपुरमा छापिँदा सिरोहिया पक्राउ परेको घटना सम्झँदै बाबुरामले मंगलबारको घटनाबाट आफू लज्जित भएको बताएका छन्। 'झन् विडम्बनाको कुरा त के भने माओवादी जनयुद्धको बेला २०५८ जेठमा दरबार हत्याकाण्डसम्बन्धी मेरो लेख छापेबापत तत्कालीन राजा ज्ञानेन्द्रको सरकारले सिरोहियालगायतका कान्तिपुरकर्मीहरूलाई यसरी नै गिरफ्तार गर्दा हाम्रा तत्कालीन सुप्रिम कमाण्डर प्रचण्डलगायत हामीले त्यसको तीव्र विरोध गरेका थियौं। आज उनै प्रचण्ड ज्ञानेन्द्रको ठाउँमा हुँदा उनले नै ज्ञानेन्द्रपथ अनुशरण गरेको देख्दा म अत्यन्त लज्जित छु,' पूर्वप्रधानमन्त्री भट्टराईले भनेका छन्।

सत्तारुढ दल एकीकृत समाजवादीले विज्ञप्ति जारी गर्दै घटना निन्दनीय भएको जनाएको छ। 'प्रतिष्ठित सञ्चारगृह कान्तिपुर मिडिया ग्रुपका अध्यक्ष कैलाश सिरोहिया पक्राउ गरिएको घटनाले प्रेस र राज्यका बीच द्वन्द्व सिर्जना गर्न खोजिएको देखिन्छ। मिडियालाई दबाबमा राख्ने कुनै पनि प्रयास निन्दनीय छ,' पार्टीका महासचिव घनश्याम भुसालद्वारा मंगलबार जारी विज्ञप्तिमा भनिएको छ, 'यो कार्य कान्तिपुरको निडर पत्रकारिताविरुद्ध गरिएको षड्यन्त्र होइन भन्ने कुरा सरकारले तुरुन्त पुष्टि गर्नुपर्छ।' एकीकृत समाजवादीका नेता विरोध खतिवडा सिरोहिया पक्राउ पर्दा कान्तिपुर पब्लिकेसनमै पुगेका थिए।

प्रधानमन्त्री दाहाललाई विश्वासको मत दिएको जनमत पार्टीका अध्यक्ष सिके राउतले पनि घटनाको विरोध गरेका छन्। सिरोहिया पक्राउ प्रकरण अस्वीकार्य कदम भएको राउतले बताएका छन्। 'कान्तिपुरका अध्यक्ष कैलाश सिरोहियाविरुद्ध पक्राउ पुर्जी जारी गर्नु र कार्यालय प्रहरीले घेर्नु प्रतिशोधपूर्ण छ। यो लोकतन्त्रका लागि सर्वथा अस्वीकार्य कदम हो। रविजी, तपाईंसँग हाम्रो पनि आशा र औचित्य जोडिएको छ, कुनै कदम चाल्नु अगाडि नबिर्सिदिनुस्,' राउतले भनेका छन्।

पत्रकार संघ संगठनको विरोध

नेपाल पत्रकार महासंघले सिरोहिया पक्राउ प्रतिशोधपूर्ण भनेको छ। 'सरकारका उपप्रधान तथा गृहमन्त्री रवि लामिछानेमाथि लागेका विभिन्न आरोपका सन्दर्भमा निरन्तर समाचार फलोअप गर्दै आएको कान्तिपुर दैनिक, त्यसको सम्पादकीय नेतृत्व तथा समग्र सञ्चार क्षेत्रलाई लाञ्छित गर्नेगरी उपप्रधान तथा गृहमन्त्री लामिछानेले दिएका अभिव्यक्तिहरूले अध्यक्ष सिरोहियालाई पक्राउ गरिएको घटना प्रतिशोधपूर्ण रहेको पुष्टि गरेको महासंघको ठहर छ,' महासंघका महासचिव रोशन पुरीले मंगलबार जारी गरेको विज्ञप्तिमा उल्लेख छ।

उनले कानुनअनुसार हुने अनुसन्धानमा जहिल्यै साथमा रहे पनि प्रेस तथा अभिव्यक्ति स्वतन्त्रतालाई बन्देज गर्ने मनसायबाट हुने राज्यशक्तिको दुरूपयोग महासंघले स्वीकार नगर्ने जनाएका छन्। 'यो घटनाबाट कुनै पनि प्रकारको प्रभावमा नपर्न तथा सत्य-तथ्य समाचार प्रकाशन गर्ने कामबाट विचलित नभई अगाडि बढ्न कान्तिपुरको सम्पादकीय नेतृत्वसँग महासंघ साथमा रहेको छ,' महासंघको विज्ञप्तिमा भनिएको छ, 'प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको सम्मान गरी नेपालको संविधानले सुनिश्चित गरेको पूर्ण प्रेस स्वतन्त्रताको प्रत्याभूतिलाई पालना गर्न महासंघ सरकारसँग जोडदार माग गर्दछ।'

नेपाल प्रेस युनियनले विज्ञप्ति जारी गर्दै घटनाको निन्दा गरेको छ। 'सहकारी ठगीका विषयमा कान्तिपुर दैनिकमा निरन्तर खोजमूलक समाचार प्रकाशित भएपछि उपप्रधान तथा गृहमन्त्री रवि लामिछानेको निर्देशनमा प्रहरीले पूर्वाग्रहपूर्ण ढंगले कान्तिपुरका प्रबन्धक निर्देशक सिरोहियालाई कार्यकक्षबाटै पक्राउ गरिएको घटनालाई प्रेस युनियन घोर निन्दा गर्दछ,' युनियनका महासचिव दीलिप पौडेलले जारी गरेको विज्ञप्तिमा उल्लेख छ। सरकारले अनुसन्धानको बहानामा सञ्चारमाध्यमलाई त्रसित बनाउनेगरी विधि र प्रक्रिया मिचेर प्रहरीले सञ्चारगृहमा प्रवेशगरी सत्ताको बलमा बदलाको भावनाले पक्राउ गरिएको घटना निन्दनीय भएको युनियनको ठहर छ।

खतराको संकेत

पत्रकार युवराज घिमिरेले सिरोहियाको पक्राउले खतराको संकेत गरेको बताएका छन्। कान्तिपुरका अध्यक्ष सिरोहिया पक्रँदा पब्लिकेसनको कार्यालयमा एमाले समर्थित युवा संघको नेताहरूसमेत देखिएको घिमिरेले दाबी गरे। 'युवा संघका नेताहरूसमेत खटाएर पक्राउ गरेको देखिएको छ। यो अधिनायकवादी, सर्वसत्तावादी हो। नागरिकता त्यागेर अमेरिका गएको एउटा व्यक्ति जसले आफूमाथि लागेको आरोपको छानबिन गर्न दिँदैन। केपी ओली रवि लामिछानेको राजनीतिक अभिभावक बनेका छन्। प्रचण्ड निरीह प्रधानमन्त्री बनेका छन्। सिरोहियाको पक्राउले खतराको संकेत गरेको छ,' घिमिरेले भनेका छन्।

यो घटनाले गृहमन्त्री लामिछानेमाथि थप सन्देह पैदा भएको पत्रकार नारायण वाग्लेले टिप्पणी गरेका छन्। 'कान्तिपुरका प्रकाशक कैलाश सिरोहियाको नागरिकताबारे एकाएक उजुरी र गिरफ्तारीले प्रेसमाथि दागा धर्दै आएका गृहमन्त्रीको भूमिकाप्रति थप सन्देह दिएको छ। पत्रिकाको समाचार प्रवाहमा कुनै आँच नआओस्। जनताको अकुन्ठित प्रेस अधिकार जारी रहोस्,' वाग्लेले भनेका छन्।

■ ■ ■

प्रधानमन्त्री गरिब ...

उनीसँग दुई करोड २५ लाख रूपैयाँ बराबर नगद, ४३ तोला सुन, १.५ किलो चाँदी आफूसँग रहेको मन्त्री महासेठको सम्पत्ति विवरणमा उल्लेख छ। यससँगै पत्नी महतोको नाममा विभिन्न कम्पनीको तीन करोड ५५ लाख रूपैयाँ बराबरको सेयर रहेको सम्पत्ति विवरणमा उल्लेख छ। दाहाल सरकारकै अर्का उपप्रधान एवं गृहमन्त्री रवि लामिछाने पनि धनी मन्त्री देखिएका छन्। तर, उनले पनि धेरै सम्पत्ति श्रीमती नीकिताको नाममा रहेको उल्लेख गरेका छन्। लामिछानेले आफ्नो नाममा भने नेपाल बैंक लिमिटेडमा एक लाख पाँच हजार र ग्लोबल आइएमई बैंकमा पाँच हजार रूपैयाँ र भक्तपुरमा एक रोपनी एक आना जग्गा रहेको उल्लेख गरेका छन्।

नीकिताको नाममा बूढानीलकण्ठ-८ मा पाँच आना जग्गामा तीन करोड ७५ लाख रूपैयाँमा घर किनेको, घर किन्दा बैंकबाट लिएको दुई करोड ५० लाख रूपैयाँमध्ये अब एक करोड ५० करोड रूपैयाँ तिर्न बाँकी रहेको, नीकितासँग ८० तोला सुन रहेको, करिब २० किलो चाँदी रहेको, गोपीकृष्ण सेन्ट्रल कम्प्लेक्सको १० रोपनी आठ आना जग्गाको २५ प्रतिशत सेयर रहेको, टाटा नेक्सनको विद्युतीय कार रहेको, नारी टेलिभिजन र गोपीकृष्ण कामाक्ष मिडिया कम्पनी रहेको र नारी टेलिभिजनको हालको मूल्य तीन करोड रूपैयाँ तथा कामाक्ष मिडियाको हालको मूल्य एक करोड रूपैयाँ रहेको सम्पत्ति विवरणमा उल्लेख छ।

अर्का उपप्रधान तथा परराष्ट्रमन्त्री नारायणकाजी श्रेष्ठले आफ्नो बैंक खातामा एक लाख २२ हजार ९१८ रूपैयाँ रहेको खुलाएका छन्। पैतृक सम्पत्ति भने पार्टीलाई हस्तान्तरणको प्रक्रियामा रहेको बताएका छन्। उनका अनुसार गृहजिल्ला गोरखाको सिरानचोक गाउँपालिका-८ मा उनको नाममा तीन कित्ता जग्गा छ। करिब ४० रोपनी जग्गा भएको र उक्त जग्गा पैतृकरूपमा प्राप्त भएको, प्रधानमन्त्री दाहालले चढ्न दिएको एउटा महिन्द्रा गाडी रहेको उल्लेख गरेका छन्।

अर्थमन्त्री वर्षमान पुनले एनएमबि बैंकमा ३३ लाख ७० हजार ६१८ रूपैयाँ मौज्दात रहेको उल्लेख गरेका छन्। गृहजिल्ला रोल्पा नगरपालिका-७ माडीचौरमा ८२० वर्गमिटर पैतृक सम्पत्ति रहेको, एक थान हलुका सवारीसाधन रहेको पनि सम्पत्ति विवरणमा राखेका छन्। संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री हितबहादुर तामाङको सम्पत्ति विवरणमा राष्ट्रिय वाणिज्य बैंकमा सात लाख ५० हजार रूपैयाँ मौज्दात छ। चल सम्पत्तिमा १३ लाख नगद छ। जन्मथलो नुवाकोटको पञ्चकन्या गाउँपालिका-३ मा १२ रोपनी आठ आना तीन पैसा एक दाम जग्गा पैतृक सम्पत्ति रहेको भनिएको छ। उनीसँग छ तोला सुन र करिब आठ तोला चाँदी रहेको पनि उल्लेख छ।

संघीय मामिला तथा सामान्य प्रशासनमन्त्री भानुभक्त जोशीले आफ्नो र परिवारको नाममा तीन वटा घर भएको सम्पत्ति विवरण बुझाएका छन्। आफ्नो नाममा बझाङ जयपृथ्वी नगरपालिका-७ मा दुई रोपनी क्षेत्रफलमा बनेको घर रहेको, जयराज जोशीको नाममा बझाङमै दुई रोपनी क्षेत्रफलमा बनेको पैतृक घर रहेको र काठमाडौं कीर्तिपुरमा जयलक्ष्मीदेवी जोशीको नाममा एउटा घर रहेको जनाएका छन्। बझाङमै जयराज जोशीको नाममा जग्गा, काठमाडौंको चन्द्रागिरिमा चार आना दुई दाम निर्मलाकुमारी कोइरालाको नाममा जग्गा रहेको र चार तोला सुन भएको जनाएका छन्। जुन बिहेमा दाइजो पाएको भनिएको छ। उनीसँग ६० तोला चाँदी रहेको र बैंकमा एक लाख रूपैयाँ मौज्दात भएको तथा ४३ लाख रूपैयाँ ऋण भएको उल्लेख गरिएको छ।

श्रम, रोजगार तथा सुरक्षामन्त्री डोलेन्द्रप्रसाद अर्याल पनि धनी मन्त्रीकै सूचीमा देखिएका छन्। उनको धादिङ, काठमाडौं, लमजुङ र भक्तपुरका १२ स्थानमा जग्गा, काठमाडौंमा घर, सुन, बैंक खातामा बचत रहेको उल्लेख छ। १२ ठाउँको जग्गाको मूल्य पाँच करोड रूपैयाँबराबर रहेको, २८ लाख बराबरको सम्पत्ति रहेको र ती सम्पत्तिको स्रोत निजी कमाई र व्यापार भएको उल्लेख गरेका छन्। यसबाहेक उनीसँग सुन १५० तोला, चाँदी १०० तोला र हिरा १० तोला रहेको उल्लेख छ। पाँच बैंक र एक सहकारीमा अर्याल र श्रीमती अम्बिका केसीका नाममा दुई करोड १८ लाख रकम देखाएका छन्। उनीहरूका नाममा ६७ हजार कित्ता सेयर रहेको, एक करोड २५ लाख ४३ हजार रूपैयाँमा किनेको प्राडो कार रहेको, स्वयम्भू स्टार ब्याङ्क्वेट, सुमिरे ट्राभल्स एण्ड टुर्स प्रालि, इजी लिंक र एपिए हचाण्डीक्राफ्ट रहेको जनाएका छन्।

कृषि तथा पशुपन्छी विकासमन्त्री ज्वालाकुमारी साहले तलबबाहेक अधिकांश सम्पत्ति श्रीमान्‌को नाममा रहेको देखाएकी छन्। बाराको कलैया उपमहानगरपालिकामा पैतृक जग्गा र जितपुर सिमरा उपमहानगरपालिका-१६ मा पनि पैतृक जग्गा रहेको उल्लेख गरेकी छन्। श्रीमान् अमृत शर्मा बजगाईंको जितपुर सिमरामा-५० कट्ठा पुर्ख्यौली सम्पत्ति भएको, सर्लाहीमा ५० लाखमा खरिद गरेको पैतृक जग्गा रहेको भनिएको छ। मन्त्री साहको सुन १० तोला, चाँदी २५ तोला पुर्ख्यौली नै भएको, बैंकमा उनको ३० हजार रूपैयाँ तलब र आफैंले श्रीमान्‌को खातामा हालेको १० हजार रूपैयाँ मात्रै रहेको विवरणमा रहेको छ।

शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री सुमना श्रेष्ठको बैंक खातामा भने डेढ करोड रूपैयाँ रहेको पाइएको छ। एनआइसी एसिया बैंकको खातामा एक करोड १५ लाख रूपैयाँ र एभरेस्ट बैंकमा ३७ लाख रूपैयाँ रहेको उनले खुलाएकी छन्। उक्त रकमको स्रोत पारिश्रमिक भनेकी छन्। श्रीमान् पोल्याण्डका नागरिक पावल स्वविन्स्कीको नाममा एक विदेशी बैंकमा एक लाख ८९ हजार ७०० डलर रहेको र जसलाई नेपाली रूपैयाँमा रूपान्तरण गर्दा दुई करोड ४१ लाख रूपैयाँ रहेको भनिएको छ। पोल्यान्डकै मुद्रा एक लाख ८० हजार अर्थात् नेपाली ६१ लाख ३२ हजार रहेको पनि जनाएकी छन्। यसबाहेक शिक्षामन्त्री श्रेष्ठसँग काभ्रेको रियालेमा आठ रोपनी छ आना तीन पैसा जग्गा रहेको उल्लेख छ।

बिहेमा उपहार पाएको १० तोला र हजुरआमाको शेषपछि पाएको एक तोला गरी ११ तोला सुन, विवाहमा उपहार पाएको १०० तोला चाँदी, विवाहमा उपहार पाएको हिराको सेट र हजुरआमाको शेषपछि पाएको हिराको टप रहेको विवरण सार्वजनिक गरेकी छन्। उनीसँग विद्युतीय गाडीसमेत छ।

वन तथा वातावरणमन्त्री नवलकिशोर साह सुडीले १२ बोरको राइफल बन्दुक, नौ वटा घर, १५ ठाउँमा जग्गा, ५६ तोला सुन र ६५० ग्राम चाँदी रहेको उल्लेख गरेका छन्। यो सबै विवाह गर्दा ससुराली र बुबा आमाबाट उपहारस्वरूप प्राप्त भएको विवरणमा उल्लेख छ। सुमित कुमारसँग ३५ तोला सुन, माधवी भारतीसँग २२ तोला सुन, शालिनी देवीसँग १७ तोला र मञ्जु साहसँग २८ तोला सुन रहेको उल्लेख गरिएको छ। उनीहरू मन्त्री सुडीका परिवारका सदस्य हुन्। यससँगै बैंकमा ४० लाख नगद र जानकी फन पार्कमा मञ्जु साहको नाममा एक करोड २५ लाख रूपैयाँको सेयर रहेको विवरण छ।

सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माको सम्पत्ति भने श्रीमान् कृष्णध्वज खड्काको नाममा कीर्तिपुरमा छ अना एक पैसा एक दामको साढे दुईतले घर, छ तोला सुन, दुई तोला चाँदी, राष्ट्रिय वाणिज्य बैंकमा एक लाख ५० हजार, एभरेस्ट बैंकमा २८ हजार, क्यारिना ऋण तथा बचत सहकारी संस्थामा २० लाख रूपैयाँ बचत र ३६ लाख रूपैयाँबराबरको हुन्डाइ कार रहेको उनको सम्पत्ति विवरणमा उल्लेख छ। साथै, राष्ट्रिय वाणिज्य बैंकबाट ६५ लाख रूपैयाँ ऋण लिइएको भनिएको छ। सम्पत्तिको स्रोत भने तलब र श्रीमान्‌को पैतृक सम्पत्ति भनेकी छन्।

सहरी विकासमन्त्री धनबहादुर बुढाको काठमाडौंसहित सातवटा घर, १५० तोला सुन र ३०० तोला चाँदी रहेको पाइएको छ। उक्त सुनचाँदीको स्रोत पनि उनले पैतृक र व्यापार उल्लेख गरेका छन्। बैंक खातामा १५ लाख र उनकी श्रीमतीको नाममा ४५ लाख छ। उनीसँग एउटा हाइलक्स र एउटा प्राडो गाडी रहेको सम्पत्ति विवरणमा खुलाइएको छ।

युवा तथा खेलकुदमन्त्री विराजभक्त श्रेष्ठले काठमाडौं महानगरपालिका-२४ स्थित इन्द्रचोकमा दुई आना जग्गामा घर र काठमाडौं महानगरपालिका-१३ ताहाचलमा चार आना जग्गामा घर रहेको देखाएका छन्। उनीसँग पैतृक सम्पत्ति र विवाहबाट प्राप्त १५ तोला सुन तथा ५० तोला चाँदी रहेको उल्लेख छ। उनको लुम्बिनी विकास बैंकमा ३५ लाख ३० हजार रूपैयाँ, एभरेस्ट बैंकमा ४१८ रूपैयाँ, सिटिजन्स बैंकमा पाँच हजार रूपैयाँ, सिनर्जी को-अपरेटिभ लिमिटेडमा १५ लाख रूपैयाँ, राष्ट्रिय वाणिज्य बैंकमा चार लाख ९१ हजार ८४६ रूपैयाँ, नबिल बैंकमा चार हजार ८३ रूपैयाँ र सिनर्जी को-अपरेटिभ लिमिटेडमा तीन लाख ४१ हजार रूपैयाँ रहेको खुलाइएको छ। नेपाल स्टक एक्सचेञ्जमा सूचीकृत रहेका विभिन्न कम्पनीमा आफ्नो नाममा एक करोड नौ लाख ८० हजार ५०९ रूपैयाँ बराबरको १५ हजार ९६ कित्ता सेयर रहेको मन्त्री श्रेष्ठको सम्पत्ति विवरणमा उल्लेख छ। आठ लाख ५० हजारको टोयोटा ल्यान्ड क्रुजर, दुई लाख ४६ हजारको स्कुटर र १९ लाख ७५ हजारको विद्युतीय सवारीसमेत रहेको उनले खुलाएका छन्।

कानुन, न्याय तथा संसदीय मामिलामन्त्री पदम गिरीले पर्वतमा पैतृकरूपमा प्राप्त गरेको सात आना जग्गा रहेको, २३ तोला सुन र पारिश्रमिकबाट आएको एक लाख बैंक खातामा रहेको, न्यु ऐरा रेस्टुरेन्ट एण्ड पार्टी प्यालेस पोखरामा ऋण र पैतृक सम्पत्तिबाट ५० लाख लगानी गरेको उल्लेख गरेका छन्। नेपाल बैंकबाट ४० लाख ऋण लिएको पनि सम्पत्ति विवरणमा देखाएका छन्।

महिला बालबालिका तथा ज्येष्ठ नागरिकमन्त्री भगवती चौधरीको काठमाडौंमा झन्डै तीन करोड रूपैयाँको जग्गा-जमिन रहेको पाइएको छ। सुनसरीको दुहबीमा एक बिघा एक धुर जग्गा छ। सुनसरीकै अन्य सात ठाउँमा पनि जग्गा छ। उनीसँग ८५ तोला सुन र २५ किलो चाँदी छ। एभरेस्ट बैंकमा १२ लाख ४१ हजार ८३०, राष्ट्रिय वाणिज्य बैंकमा पाँच लाख ४६ हजार ११९ र नबिल बैंकमा १२ हजार रूपैयाँ नगद मौज्दात रहेको उल्लेख छ। यस्तै फरवार्ड माइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लिमिटेडको दुई लाख ४२ हजार १०५ र अन्य कम्पनीहरूमा एक लाख ५० हजार कित्ता सेयर रहेको मन्त्री चौधरीले खुलाएकी छन्।

ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री शक्तिबहादुर बस्नेतले आफूसँग ३५ लाख रूपैयाँ रहेको बताएका छन्। श्रीमती सत्या पहाडीको नाममा छ लाख रूपैयाँ बराबरको सेयर, पाँच तोला सुन रहेको उल्लेख छ। यसबाहेक जाजरकोटमा बुबाको नाममा, छोरी र श्रीमतीको नाममा जग्गा रहेको बताइएको छ। रक्षामन्त्री हरि उप्रेतीको श्रीमतीको नाममा सर्लाहीमा साढे १५ क√ा पुर्ख्यौली जग्गा र छोराको नाममा २० क√ा जग्गा रहेको खुलाइएको छ। सुन २५ तोला, १६ लाखको गाडी छ भने नगद देखाएका छैनन्। भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारणमन्त्री बलराम अधिकारीले श्रीमती बसुन्धरा पौडेल अधिकारीको नाममा कपिलवस्तु वाणगंगामा पाँच क√ा र बुद्धभूमि-५ मा एक बिघा १५ क√ा जमिन रहेको देखाएका छन्। चल सम्पत्तिको रूपमा १० तोला सुन रहेको, आफ्नो र श्रीमतीको नाममा विभिन्न बैंकमा रहेको खातामा १५ लाख रूपैयाँ नगद रहेको जनाएका छन्। छोरा मनोजको नाममा भिजन इनर्जीको १५ लाख रूपैयाँ बराबरको १५ हजार कित्ता सेयरसमेत रहेको सम्पत्ति विवरणमा उल्लेख गरेका छन्।

उद्योग वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारीले बैतडीको पाटनमा घर र जग्गा रहेको र कविता भण्डारीको नाममा कञ्चनपुरमा दुई क√ा जग्गा रहेको विवरणमा उल्लेख गरेका छन्। छ तोला सुन, एभरेस्ट बैंकमा आठ लाख ६४ हजार ४४६ रूपैयाँ, कविता भण्डारीको नाममा राष्ट्रिय वाणिज्य बैंक र ग्लोबल बैंकमा क्रमशः एक हजार र तीन लाख ६३ हजार रूपैयाँ रहेको खुलाएका छन्। खानेपानीमन्त्री राजेन्द्र राईको अधिकांश सम्पत्ति पुर्ख्यौली देखिएको छ। राईको धनकुटा पाख्रिबास नगरपालिकामा अंशबाट प्राप्त एउटा घर, पाख्रिबास नगरपालिका-७ मा ३० रोपनी चार आना छ पैसामा चिया बगान र आठ नम्बर वडामा २५ रोपनी जग्गामा चिया बगान रहेको उनले उल्लेख गरेका छन्। उनीसँग १० तोला सुन र १० तोला चाँदीसमेत रहेको विवरणमा उल्लेख छ।

■ ■ ■

सातै प्रदेशमा...

साथै मेलामा सबै तहका श्रमिकको आवश्यकता र रोजगारदाताको आवश्यकताको विषयमा छलफल गरिने मन्त्रालयको भनाइ छ।

मेलामा स्टेक होल्डरको रूपमा रहेका सामी परियोजना, रेमी योजना, नेपाल उद्योग वाणिज्य महासंघ, नेपाल उद्योग परिसंघ, नेपाल चेम्बर अफ कमर्स, नेपाल तालिम तथा रोजगार व्यवसायी महासंघ, होटल व्यवसायी महासंघको स्टल रहने बताइएको छ। मेला कोशी प्रदेशको विराटनगरस्थित महेन्द्र मोरङ बहुमुखी क्याम्पसमा जेठ १७ र १८ गते सञ्चालन हुने छ। यसैगरी मधेस प्रदेशको वीरगञ्जमा जेठ १९ र २० गते, गण्डकी प्रदेशको पोखरामा जेठ २१ र २२ गते, लुम्बिनी प्रदेशको बुटवलमा २३ र २४ गते, कर्णाली प्रदेशको सुर्खेतमा जेठ २५ र २६ गते तथा सुदूरपश्चिम प्रदेशको धनगढीमा जेठ २७ र २८ गते मेला आयोजना गर्ने कार्यतालिका मन्त्रालयले सार्वजनिक गरेको छ। यता बागमती प्रदेशमा भने जेठ २९ र ३० गतेका लागि तय गरिएको छ। बागमतीको मेला ललितपुरमा सञ्चालन हुने मन्त्रालयले जनाएको छ।

■ ■ ■

मलेसियामा आप्रवासी ...

गृहमन्त्री इस्माइलले आप्रवासी कामदारका लागि कुनै नयाँ कोटा नभएको उल्लेख गरेका छन्। नयाँ विदेशी कामदार भर्ना गर्न रोक लगाएका कारण कामदारको अभाव हुँदै गएको भन्दै त्यहाँको निजी क्षेत्रले तत्कालै खुलाउनुपर्ने माग गरेको छ। निजी क्षेत्रले कामदार अभावका कारण ठूलो नोक्सानी हुने बताएको सञ्चारमाध्यले उल्लेख गरेका छन्।

मलेसियाले आप्रवासी कामदार भर्नामा निरन्तर रोक लगाउने निर्णय गरेसँगै नेपालीहरूले पाउने रोजगारीको अवसर गुम्ने देखिएको छ। मलेसिया सरकारको निर्णयले रोजगारीका लागि जान तयारी गरिरहेका नेपालीहरूलाई प्रत्यक्ष असर गर्ने नेपाल वैदेशिक रोजगार व्यवसायी संघका अध्यक्ष राजेन्द्र भण्डारीले बताए। 'त्यहाँका रोजगारदाताले सरकारको नीति नटेरेको, तोकिएको कोटाभन्दा बढी आप्रवासी कामदार भित्र्याएको र देशको प्रतिष्ठामै आँच पुर्‍याउने काम गरेको भन्दै उनीहरूलाई रिफर्म गर्न नयाँ भर्ना प्रक्रियामा रोक लगाएको हो भन्ने अनौपचारिक जानकारी पाएका छौं,' उनले भने, 'डिसेम्बर २०२४ सम्मलाई कोटा पुगिसकेको भन्ने छ, अहिलेको अवस्थालाई हेर्दा तत्कालै खुल्छ भन्न गाह्रो छ, रोजगारीको अवसर गुम्ने सम्भावना बढी नै छ।'

मलेसिया नेपाली कामदारहरूको प्रमुख गन्तव्यमध्येको एक हो। गत आर्थिक वर्ष पहिले गन्तव्य बनेको थियो। चालु आवको १० महिनामा पनि एक लाखभन्दा बढी नेपाली मलेसिया गएको वैदेशिक रोजगार विभागको तथ्यांकले देखाएको छ। यसरी रोजगारीको गन्तव्य बनिरहेको मुलुकमा कामदार जान नपाउँदा मुलुकमा भित्रिने रेमिटयान्समासमेत असर पर्ने व्यवसायीहरू बताउँछन्।

स्व. प्रदिता राजकर्णिकार
जन्मः २०२१/०२/०१
स्वर्गारोहणः २०८१/०१/३०

तिमीलाई म संगको गुनासो जति
सबै पखाली दिन्छु फेरि एकपल्ट,
तिम्रो त्यो अतितको नासो पनि
सबै फर्काइ दिन्छु फेरि यसपल्ट ।

यो जिन्दगी कम हुन्छ तिमीसंग
बिताएका पल सम्झिरहन पनि,
यो जिन्दगी धेरै हुन्छ तिमी बिना
सजाएका खुशी रहिरहन पनि ......

हार्दिक आभार

आदरणीय मान्यवर एवं मित्रगण,
हाम्री प्रियता तथा राजकर्णिकार परिवारकी प्रणयिता प्रदिता राजकर्णिकारको देहावसानको शोकपूर्ण परिस्थितिमा तपाईंको उपस्थिति अनि सदभाव, सहानुभूति र समवेदना प्रति हामी अनुग्रहित छौं । शोकको यस घडीमा हाम्रो शोकाकुल परिवारले प्राप्त गरेको तपाईंहरूको न्यानो स्पर्श हामी जीवनपर्यन्त स्मरणमा राखिराख्ने छौं ।

अनुग्रहित र आभार सहित
भाष्कर राज राजकर्णिकार
समृद्धि राजकर्णिकार एवं
सम्पूर्ण राजकर्णिकार परिवार ।

संसद्मा कांग्रेसको अवरोध निरन्तर

टिओआरमा जुटेन सहमति

■ **प्रभाव संवाददाता**

काठमाडौं– प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसले संसद् बैठकमा अवरोध जारी राखेको छ। सहकारी ठगी प्रकरणको छानबिनका लागि संसदीय समिति गठन नभएसम्म संसद्का काम कारबाही अघि बढ्न नसक्ने जनाउँदै कांग्रेसले संसद् बैठक अवरोध जारी राखेको हो।

प्रतिनिधिसभाको मंगलबारको बैठकको प्रारम्भमा कांग्रेसका सांसद बद्री पाण्डेले सहकारी ठगीको छानबिनका लागि बन्ने संसदीय समितिको कार्यादेश (टिओआर)मा सहमति भएर समिति नबनेसम्म संसद् चल्न नसक्ने बताए। 'कांग्रेस आफ्नो अडानमा कायम छ। बचतकर्ताको रकम फिर्ता नभएसम्म यो अडान कायम रहन्छ,' उनले भने। सांसद पाण्डेले सहकारी ठगीसम्बन्धमा सञ्चारमाध्यममा थप नयाँ विषय सार्वजनिक भइरहेका उल्लेख गर्दै गोरखा मिडियाको प्रबन्ध निर्देशक रहेका बेला वर्तमान गृहमन्त्री रवि लामिछानेलगायत अन्य व्यक्तिले विभिन्न सहकारीबाट ठूलो रकम ऋण लिएका र विभिन्न तहबाट त्यसबारेमा छानबिन भइरहेको बताए।

अवरोधबीच राष्ट्रपतिलाई धन्यवाद दिने प्रस्ताव पारित

प्रतिनिधिसभाको मंगलबारको बैठकले राष्ट्रपति रामचन्द्र पौडेललाई धन्यवाद दिने प्रस्ताव पारित गरेको छ। यही जेठ १ गते संघीय संसद्को संयुक्त बैठकमा सरकारको नीति तथा कार्यक्रम प्रस्तुत गरेकामा राष्ट्रपतिप्रति धन्यवाद ज्ञापन गरिएको हो। प्रतिपक्षी दलको अवरोधका बीच सभामुख देवराज घिमिरेले प्रस्तुत गरेको धन्यवादको प्रस्ताव सर्वसम्मतिबाट पारित भएको हो।

राष्ट्रपतिको सम्बोधनपछि प्रतिनिधिसभाबाट धन्यवाद ज्ञापनसम्बन्धी प्रस्ताव प्रस्तुत गर्ने कार्यसूची भए पनि प्रमुख प्रतिपक्षी नेपाली कांग्रेसको अवरोधका कारण निरन्तर प्रभावित भएको थियो। त्यसअघि बैठकमा प्रधानमन्त्री पुष्पकमल दाहालले संघीय संसद्को दुवै सदनको संयुक्त बैठकलाई राष्ट्रपतिले गरेको सम्बोधनको प्रति टेबुल गरेका थिए। कांग्रेससहितका प्रतिपक्षी दलहरूको वेल घेराउ र नाराबाजीका बीच उक्त प्रस्ताव पारित भएको हो।

'टिओआर'मा अझै जुटेन सहमति

सहकारीको रकम अपचलनका विषयमा छानबिन गर्ने संसदीय समितिको कार्यदेश (टिओआर)मा मंगलबार पनि सहमति जुटेन। टिओआर टुंगो लगाउन गठित कार्यदलमा दुवै पक्षबीच सहमतिको प्रयास जारी रहेको बताइएको छ। सिंहदरबारस्थित कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयमा कार्यदलको मंगलबार बसेको बैठकमा सत्तापक्ष र प्रमुख प्रतिपक्ष दलले आ-आफ्ना धारणा राखेका थिए। उक्त विषयमा छलफलपश्चात् सहमतिका लागि पुनः बस्ने गरी बैठक सकिएको नेकपा एमालेका प्रमुख सचेतक महेश बर्तौलाले जानकारी दिए।

नेपाली कांग्रेसले सहकारीको रकम अपचलनमा उपप्रधान तथा गृहमन्त्री रवि लामिछानेको संलग्नता देखिएको भन्दै निष्पक्ष छानबिनका लागि संसदीय समिति गठनको माग गरेर दुवै सदनका बैठक अवरोध गर्दै आएको छ। यही जेठ ५ गते सत्तापक्ष र प्रमुख प्रतिपक्षी नेपाली कांग्रेसबीच संसदीय समिति गठन गर्ने सहमति भएको थियो।

समितिको कार्यदेश टुंगो लगाउन कार्यदल गठन गरिएको हो। कार्यदलको मंगलबारको बैठकमा सबै पार्टीका तर्फबाट धारणा राखिएको नेपाली कांग्रेसका सहमहामन्त्री जीवन परियारले जानकारी दिए। कार्यदलमा कानुनमन्त्री पदम गिरी, नेपाली कांग्रेसका नेता ज्ञानेन्द्रबहादुर कार्की, एमालेका प्रमुख सचेतक बर्तौला, कांग्रेस सहमहामन्त्री परियार र राष्ट्रिय स्वतन्त्र पार्टीका शिशिर खनाल छन्।

नीति तथा कार्यक्रममाथि शुक्रबार छलफल

काठमाडौं (प्रस)– सरकारले प्रस्तुत गरेको आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रममाथि प्रतिनिधिसभामा यही जेठ ११ गते छलफल हुने तय भएको छ। प्रतिनिधिसभाको मंगलबारको बैठकमा सभामुख देवराज घिमिरेले आर्थिक वर्ष २०८१/८२ को नेपाल सरकारको वार्षिक नीति तथा कार्यक्रममाथि छलफल गर्न र प्रधानमन्त्रीबाट जवाफ दिनका लागि यही जेठ ११ गतेको दिन तोकेको जानकारी गराए।

दलीय प्रतिनिधिका आधारमा नीति तथा कार्यक्रमाथि छलफल हुने जनाउँदै उनले त्यसका लागि सम्बन्धित दलका पदाधिकारीले वक्ता सांसदको नाम बैठक प्रारम्भ हुनुअगावै कार्यव्यवस्था शाखामामा उपलब्ध गराउन आग्रह गरे।

नीति तथा कार्यक्रममाथि संशोधन पेस गर्न चाहने सांसदले सोको सूचना यही जेठ ९ गते बिहान ११ देखि अपराह्न २ बजेसम्म कार्यव्यवस्था शाखामा उपलब्ध गराउनुपर्ने छ। राष्ट्रपति रामचन्द्र पौडेलले यही जेठ १ गते संघीय संसद्को संयुक्त बैठकमा आगामी आर्थिक वर्षको सरकारको वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गरेका थिए।

'साइबर सुरक्षा पूर्वतयारी अभ्यास'

काठमाडौं– सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले साइबर सुरक्षालाई थप व्यवस्थित गर्ने उद्देश्यले 'साइबर सुरक्षा पूर्वतयारी अभ्यास' गरेको छ। 'राष्ट्रिय साइबर डिल-२०२४' नाम दिइएको सो पूर्वतयारी अभ्यासमा संवेदनशील सूचना तथा प्रविधि पूर्वाधारमा कहीँकतैबाट अवान्छनीय गतिविधि भयो वा आक्रमण भयो भने त्यसलाई कसरी प्रतिक्रिया गर्ने वा कसरी सुरक्षित राख्ने भन्ने प्रकृतिको पूर्वतयारी अभ्यास गरिएको मन्त्रालयका उपसचिव तथा साइबर सुरक्षा शाखा प्रमुख राजकुमार महर्जनले जानकारी दिए।

सोमबार र मंगलबार दुई दिनसम्म सञ्चालन भएको सो अभ्यास एकीकृत डेटा व्यवस्थापन केन्द्रमा आयोजना गरिएको हो। राष्ट्रिय सूचना प्रविधि आकस्मिक सहायता समूह सञ्चालन तथा व्यवस्थापन निर्देशिका २०७५ ले गरेको व्यवस्थाअनुसार गठन गरिएको सूचना प्रविधि आकस्मिक सहायता समूहमा आबद्ध प्रतिनिधि अभ्यासमा सहभागी भएका थिए।

समूहमा अर्थ, गृह र शिक्षा मन्त्रालय, नेपाल प्रहरी, नेपाली सेना, नेपाल राष्ट्र बैंक, नेपाल दूरसञ्चार प्राधिकरणलगायत विभिन्न सम्बन्धित निकायका प्रतिनिधि छन्। 'राष्ट्रियस्तरमा साइबर सुरक्षासम्बन्धी विषयमा गरिएको एक प्रकारको पूर्वअभ्यास हो। जसरी विपत्सम्बन्धी विषयमा भूकम्प जाँदा वा आगालागी भयो भने के गर्ने भनेर पूर्वतयारी गरिन्छ, यो त्यस्तै प्रकृतिको पूर्वतयारी अभ्यास हो,' उपसचिव तथा साइबर सुरक्षा शाखा प्रमुख महर्जनले भने।

कार्यक्रमको पहिलो दिन सैद्धान्तिक र दोस्रो दिनमा प्रयोगात्मक अभ्यास गरिएको थियो। पहिलो दिन साइबर सुरक्षाको विषयमा अवधारणालगायतका विषयमा कक्षा सञ्चालन गरिएको थियो भने मंगलबार साइबर सुरक्षासम्बन्धी उपकरण र टेबल टप एक्ससाइजसम्बन्धी अभ्यास गरिएको थियो। उनले भने, 'यो कार्यक्रम गर्नुको दुईवटा उद्देश्य रहेको छ, पहिलो भनेको कुनै पनि घटना हुनसक्छ भन्ने विषयमा हामी तयारी हुनुपर्छ, कस्ता-कस्ता घटना हुन्छन् भन्नेबारेमा जानकारी हुन्छ, त्यस्ता घटना हुँदा कसरी प्रतिक्रिया गर्ने भन्ने हो, अर्को भनेको मन्त्रालयबीचमा साइबरसम्बन्धी कसरी समन्वय गर्ने भन्ने नै हो।' *रासस*

कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : M J BURGER INTERNATIONAL RESTAURANT COMPANY

पुर्व स्वीकृति मिति : २०८०/१०/२४   पुन विज्ञापन स्वीकृति मिति २०८१/०२/०८   LT. No. 299535   चलानी नं.६०२१४४७९

सि. नं.	कामदारको पद	माग संख्या		मासिक तलव		ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक विदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
		पुरुष	महिला	KD	ने.रू.							
1	Cook	4	0	150	६५,२७५	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ जेठ १६ गते (29th May 2024) मा हुनेछ।

स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने	रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन	स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने	हवाई टिकट कसले दिने र कति लाग्ने	भिषा शुल्क कसले दिने र कति लाग्ने	अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने	भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने
कामदार आफैं	दिने	कामदार आफैंले	हुने / रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रु.७००/- कामदार आफैंले	रोजगारदाता कम्पनीले

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

श्रम ईजाजत नं. ३०१/०५९/०६०

Supreme Overseas Pvt. Ltd.
Koteshwor-32, Kathmandu, Nepal.
Phone: +977-1-4610716, 9813327241, 9741877355, 9841359033, 9851107202
Email: supremeovs@yahoo.com, supremeover301@gmail.com,
Web: www.supremeoverseas.com.np

सुनवर्षी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
डाईनिया, मोरङ्ग
कोशी प्रदेश, नेपाल

शिलबन्दी दरभाउपत्र आह्वानको सूचना

प्रथम पटक प्रकाशित मितिः- २०८१/०२/०९

शर्तहरु

यस कार्यालयको आ.व.२०८०/८१ को तपशिल बमोजिमको स्वीकृत कार्यक्रम शिलबन्दी दरभाउपत्रको माध्यमवाट खरिद गर्नु पर्ने भएकोले सो संग सम्बन्धित सवै व्यवसायीहरुले निम्न शर्तहरुको अधिनमा रहि शिलबन्दी दरभाउँपत्र पेश गर्नहुन सम्बन्धित सवैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

१. तपशिलमा उल्लेख भए अनुसार दस्तुर "फिर्ता नहुने गरी" सुनवर्षी नगर कार्यपालिकाको कार्यालयको हिमालयन बैंक लि. अन्तर्गत रहेको शाखामा सुनवर्षी न.पा.को राजस्व खाता नं.२६८५६३८९२३०१३८ मा जम्मा गरेको भौचर साथ व्यवसायिले व्यवसाय नविकरण भएको ईजाजत पत्र आय कर तथा मूल्य अभिवृदि कर दर्ता प्रमाण पत्र र आ.व.२०७९/८० को कर चुक्ताको प्रमाण पत्रको प्रमाणित प्रतिलिपीहरु संलग्न राखी यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ औं दिन (मिति २०८१/०२/२३ गते) सम्म कार्यालय समय भित्र कार्यालयमा सम्पर्क राखि दरभाउपत्र खरिद गर्न सकिने छ। (राजशरुव शिर्षक १४२२९, sunavarshi G–1–1 Antarik Rajaswo)
२. खरिद भएका दरभाउपत्र फारामहरु उल्लेख भएका सवै विवरण रितपूर्वक भरी दरभाउपत्रदाताले प्रत्येक पानामा सहिछाप गरी कामको विवरण, दरभाउपत्रदाताको नाम, ठेगाना र फोन नं. समेत स्पष्ट खुलाई फार्मको छाप लगाई शिलबन्दी लाहाछाप प्रथम पटक सूचना भएको मिति १६ औं दिन (मिति २०८१/०२/२४ गते) दिउँसो १२:०० बजे कार्यालयमा दर्ता गर्नुपर्ने छ।
३. दर्ता भएको दरभाउँहरु सोहि दिन दिनको २:०० बजे कार्यालयका प्रतिनिधिहरु र दरभाउपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहबरमा खोलिने छ।
४. दरभाउपत्र बिक्री तथा दाखिला गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा उक्त कार्यहरु विदा को लगतै पछि कार्यालय खुलेको दिन सोहि बमोजिम हुनेछ।
५. शिलबन्दी दरभाउपत्र फारामसाथ जमानत वापत यस कार्यालयको नाम रहेको धरौटी खाता नं.२६८५६३८९२३०१७८ मा रकम जम्मा गरी सक्कलै भौचर वा नेपाल सरकारवाट मान्यता प्राप्त बैंकवाट जारी भएको कम्तिमा ७५ दिनको मान्य अवधि भएको बैंक जमानत पत्र पेश गर्नु पर्नेहुन्छ। (Sunavarshi G–3 Dharauti kosh khata)
६. दरभाउपत्रदाताले दरभाउपत्रमा दररेट भर्दा मूल्य अभिबृद्वि कर बाहेकको दररेट उल्लेख गर्नु पर्नेछ। दरभाउपत्रमा दर अंक र अक्षर दुवैमा स्पष्ट लेख्नु पर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ।
७. यस नगरपालिकाको हितलाई ध्यानमा राखि कुनै जनाई वा नजनाई पूरा वा आशिंक रुपमा स्वीकृति गर्न वा नगर्ने अधिकार यस नगरपालिकामा सुरक्षित रहनेछ।
८. रित नपुगी वा म्याद नाघी र कुनै शर्त राखी कुनै शर्त पेश हुन आएका दरभाउपत्रहरु मान्य हुने छैनन्।
९. यस सूचनामा उल्लेख नभएका कुराहरुको हकमा सार्वजनिक खरिद ऐन २०६३ र नियमावली २०६४ (संशोधन सहित) तथा प्रचलित कानून बमोजिम हुनेछ।
१०. दरभाउपत्र स्विकृत भएपछि परफरमेन्स बोण्डवापत दरभाउपत्रदाताले कबोल गरेको अंकको नियमानुसार हुने रकम यसै सूचनाको बँदा नं. ५ मा उल्लेख भएको खाता नं.मा नगदै जम्मा गरेको सक्कलै भौचर वा यस कार्यालयको पक्षमा न्युन्तम कार्यसम्पन्न गर्नुपर्ने अवधिभन्दा कम्तिमा १८० दिनको म्याद राखि जारी गरेको बैंक जमानत पत्र पेश गर्नुपर्ने छ।
११. समानको गुणस्तर सेनिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि २०७६ को अनुसूचि १ मा भएको न्यूनतम मापदण्ड बमोजिम अल्ट्रा मोडेल 240 mm स्पेशिफिकेशन भएको हुनुपर्ने तथा सेनिटरी प्याड नेपाल गुणस्तर प्रमाण पत्र प्राप्त भएको वा सोहि बमोजिम भएको प्रमाण पत्र पेश गर्नुपर्ने छ। प्याडको प्रत्येक प्याकिङ्गको बाहिर उत्पादन मिति (MFD) र ब्याच नं. स्पष्ट लेखिएको हुनु पर्नेछ।

सि.नं.	ठेक्का नं.	कामको विवरण	ल.ई.भ्याट समेत	दरभाउ पत्र जमानत रकम	दरभाउपत्र दस्तुर
१.	SUNMUN/EDU/080/81-01	सेनिटरी प्याड(अल्ट्रा)	१५,०१,०९२।-	४५,१००।-	१०००।-

---

GFIL • GFIL • GFIL • GFIL • GFIL • GFIL • GFIL • GFIL

कर्जा सुरक्षण बापतको धितोमा रहेको अचल सम्पत्ति लिलाम बिक्री सम्बन्धी १५ (पन्ध्र) दिने अत्यन्त जरूरी सूचना

प्रकाशित मितिः २०८१/०२/०९

यस गुडविल फाइनान्स लिमिटेड (वित्तीय संस्था)को प्रधान कार्यालयबाट तपाई ऋणीहरुले तपसिलमा उल्लेखित अचल सम्पत्ति धितो सुरक्षण दिई कर्जा लिनु भएकोमा उक्त कर्जाको लिखत बमोजिम यस वित्तीय संस्थामा बुझाउनु पर्ने मासिक साँवा, ब्याज, हर्जाना ब्याज लगायतका अन्य दै–दस्तुर समेत नबुझाई ऋण कर्जा सम्बन्धी शर्त एवं बन्देज उल्लंघन गर्नु भएको र सो सम्बन्धमा तपाईलाई पटक पटक लिखित मौखिक तथा घर ठेगानामा समेत आई तरताकेता गर्दा समेत सो ऋण कर्जाको किस्ता रकम चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गर्नु भएकोमा सो सम्बन्धमा कर्जाको सम्पूर्ण साँवा, ब्याज, हर्जाना ब्याज लगायतका अन्य दै–दस्तुरहरु समेत चुक्ता भुक्तान गर्न आउने सम्बन्धि ३५(पैंतिस) दिने सूचना प्रकाशित गर्दा समेत ऋण कर्जाको सम्पूण साँवा, ब्याज, हर्जाना ब्याज लगायतका अन्य दै–दस्तुरहरु समेत चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरि बस्नु भएकोले कर्जा लिंदा धितो सुरक्षण स्वरुप लेखिदिएको तपसिल बमोजिमको धितो जे–जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा लिलाम बिक्री गर्नका लागि यो सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको १५(पन्ध्र) दिन भित्र यस वित्तीय संस्थामा उपस्थित भई ऋणीहरुले यस वित्तीय संस्थालाई तिर्नु बुझाउनु पर्ने सम्पूण साँवा, ब्याज, हर्जाना ब्याज लगायतका अन्य दै–दस्तुरहरु नबुझाएमा प्रचलित अन्य ऐन कानून एवं बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ५७(१) को अधिकार प्रयोग गरी ऋण कर्जा लिंदा धितो सुरक्षण स्वरुप लेखिदिएको तपसिल बमोजिमको अचल सम्पत्ति गोप्य शिलबन्दी बोलपत्र द्धारा लिलाम बिक्री गरिने हुँदा उल्लेखित अचल सम्पत्ति लिलाममा खरिद गर्न ईच्छुक महानुभावहरुले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र यस वित्तीय संस्थाको का.जि. का.म.न.पा. वडा नं. १ हात्तीसार स्थित प्रधान कार्यालयमा कार्यालय समय भित्र शिलबन्दी बोलपत्र पेश गर्नु हुन सूचित गरिन्छ। साथै तपसिल बमोजिमको धितोबाट यस संस्थाको लेना रकम असुल उपर नभएमा ऋणी तथा व्यक्तिगत जमानी दिनेको घर घराना, चल अचल सम्पत्तिबाट समेत असुल उपर गरिने तथा नेपाल राष्ट्र बैंकको निर्देशानुसार कर्जा सूचना केन्द्र लिमिटेडको कालो सूचीमा समेत समावेश गरिने व्यहोरा ऋणी तथा सम्बन्धित व्यक्तिहरुलाई समेतलाई यसै सूचना मार्फत जानकारी गराईन्छ।

तपसिल

क्र.सं	ऋणीको विवरण	सूरक्षण वापत धितोको विवरण	व्यक्तिगत जमानीकर्ता
१.	नामः गोकर्ण प्रसाद पौडेल ठेगानाः धादिङ जिल्ला केवलपुर गा.वि.स. वडा नं. ३ स्थायी ठेगाना भई हाल काठमाडौं जिल्ला का.म.न.पा. वडा नं. १३ बस्ने बाजेः कुर्म प्रसाद पौडेल बाबुः गोविन्द प्रसाद पौडेल ना.प्र.नं.: ६८३५ जारी मितिः २०५१/१०/४ जि.प्र.का.: धादिङ कर्जा : शैक्षिक	गोविन्द प्रसाद पौडेलको बुहारी तोयानाथ लइटेलको छोरी धादिङ जिल्ला केवलपुर गा.वि.स. वडा नं. ३ स्थायी ठेगाना भई हाल काठमाडौ जिल्ला का.म.न.पा. वडा नं. १३ बस्ने सावित्री पौडेलको नाममा मालपोत कार्यालय चावहिल, काठमाडौंमा एकलौटी दर्ता श्रेस्ता कायम रहेको काठमाडौं जिल्ला नँयापाटी गा.वि.स. वडा नं. ४, सिट नं. ४क को कि.नं. २७०, २७३, २८१, २८३ क्षेत्रफल क्रमशः १–१–०–०,०–१–१–०, ०–६–३–० र ०–३–०–० को जग्गा र सो जग्गाले चर्चेको तथा भविष्यमा चर्चने लिगलगापात समेत।	नामः सावित्री पौडेल ठेगानाः धादिङ जिल्ला केवलपुर गा.वि.स. वडा नं. ३ स्थायी ठेगाना भई हाल काठमाडौ जिल्ला का.म.न.पा. वडा नं. १३ बस्ने बाबुः तोयानाथ लइटेल ससुराः गोविन्द प्रसाद पौडेल पतिः गोकर्ण प्रसाद पौडेल ना.प्र.नं.: २६३०४८/५९३ जारी मितिः २०६३/११/४ जि.प्र.का.: धादिङ
२.	नामः सावित्री पौडेल ठेगानाः धादिङ जिल्ला केवलपुर गा.वि.स. वडा नं. ३ स्थायी ठेगाना भई हाल काठमाडौ जिल्ला का.म.न.पा. वडा नं. १३ बस्ने बाबुः तोयानाथ लइटेल ससुराः गोविन्द प्रसाद पौडेल पतिः गोकर्ण प्रसाद पौडेल ना.प्र.नं. २६३०४८/५९३ जारी मितिः २०६३/११/४ जि.प्र.का. धादिङ कर्जाः व्यक्तिगत	गोविन्द प्रसाद पौडेलको बुहारी तोयानाथ लइटेलको छोरी धादिङ जिल्ला केवलपुर गा.वि.स. वडा नं. ३ स्थायी ठेगाना भई हाल काठमाडौ जिल्ला का.म.न.पा. वडा नं.१३ बस्ने सावित्री पौडेलको नाममा मालपोत कार्यालय कलंकी, काठमाडौंमा एकलौटी दर्ता श्रेस्ता कायम रहेको काठमाडौं जिल्ला थानकोट महादेवस्थान गा.वि.स. वडा नं. ६, सिट नं. ६ख को कि.नं. ११४ र १६४ क्षेत्रफल क्रमशः ०–२–०–० र ०–२–०–० को जग्गा र सो जग्गाले चर्चेको तथा भविष्यमा चर्चने लिगलगापात समेत।	नामः गोकर्ण प्रसाद पौडेल ठेगानाः धादिङ जिल्ला केवलपुर गा.वि.स. वडा नं.३ स्थायी ठेगाना भई हाल काठमाडौं जिल्ला का.म.न.पा. वडा नं.१३ बस्ने बाजेः कुर्म प्रसाद पौडेल बाबुः गोविन्द प्रसाद पौडेल ना.प्र.नं.: ६८३५ जारी मितिः २०५१/१०/४ जि.प्र.का. धादिङ
३.	नामः सावित्री पौडेल ठेगानाः धादिङ जिल्ला केवलपुर गा.वि.स. वडा नं. ३ स्थायी ठेगाना भई हाल काठमाडौ जिल्ला का.म.न.पा. वडा नं. १३ बस्ने बाबुः तोयानाथ लइटेल ससुराः गोविन्द प्रसाद पौडेल पतिः गोकर्ण प्रसाद पौडेल ना.प्र.नं.: २६३०४८/५९३ जारी मितिः २०६३/११/४ जि.प्र.का. धादिङ कर्जाः आवास	गोविन्द प्रसाद पौडेलको बुहारी तोयानाथ लइटेलको छोरी धादिङ जिल्ला केवलपुर गा.वि.स. वडा नं. ३ स्थायी ठेगाना भई हाल काठमाडौ जिल्ला का.म.न.पा. वडा नं.१३ बस्ने सावित्री पौडेलको नाममा मालपोत कार्यालय कलंकी, काठमाडौंमा एकलौटी दर्ता श्रेस्ता कायम रहेको काठमाडौं जिल्ला थानकोट महादेवस्थान गा.वि.स. वडा नं. ६, सिट नं. ६ख को कि.नं. १५३३ र १५३५ क्षेत्रफल क्रमशः ०–४–१–२ र ०–४–१–२ को जग्गा र सो जग्गाले चर्चेको तथा भविष्यमा चर्चने लिगलगापात समेत।	नामः गोकर्ण प्रसाद पौडेल ठेगानाः धादिङ जिल्ला केवलपुर गा.वि.स. वडा नं. ३ स्थायी ठेगाना भई हाल काठमाडौं जिल्ला का.म.न.पा. वडा नं.१३ बस्ने बाजेः कुर्म प्रसाद पौडेल बाबुः गोविन्द प्रसाद पौडेल ना.प्र.नं.: ६८३५ जारी मितिः २०५१/१०/४ जि.प्र.का. धादिङ

लिलामी बिक्री सम्बन्धी शर्तहरु

- शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र प्राप्त भई सक्नु पर्नेछ। सो समय पछि प्राप्त भएका रीत नपुगी वा अमान्य शर्तहरु राखि पेश गरिएको बोलपत्रहरु मान्य हुने छैन। उल्लेखित समय भित्र प्राप्त भएका बोलपत्रहरु सूचना प्रकाशित भएको मितिले १६ औं दिनमा (सो दिनमा विदा परेमा त्यसको लगतै सरकारी कार्यालय खुल्ने दिनमा) यस वित्तीय संस्थाको प्रधान कार्यालय, हात्तीसारमा खोलिने छ।
- उल्लेखित समय भित्र परेका बोलपत्रहरु कुनै कारण खुलाई वा नखुलाई स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस वित्तीय संस्थामा निहीत रहनेछ।
- शिलबन्दी बोलपत्रमा प्रष्टरुपमा ईच्छुक खरिदकर्ताको नाम, ठेगाना, नागरिकताको फोटोकपी प्राकृतिक व्यक्तिको हकमा तिन पुस्ते विवरण एंव आफ्नो पहिचान खुल्ने कागजात संलग्न गरी आफुले सो अचल सम्पत्ति के कति मुल्यमा खरिद गर्ने हो सो मुल्य अंक र अक्षरमा स्पष्ट खुलाउनु पर्नेछ। बोलपत्र दाखिला गर्दा आफुले कबोल गरेको अंकको कम्तीमा १० प्रतिशतले हुने रकम धरौटी स्वरुप यस कार्यालयमा रहेको खाता नं. १८०८००००००००००१००४ Margin Deposit Auction मा नगद वा यस वित्तीय संस्थाको नाममा खिचिएको Good For Payment चेक जम्मा गर्नु पर्नेछ। उक्त रकम बोलपत्र स्वीकृत नभएमा फिर्ता गरिनेछ। धरौटी रकम फिर्ता गरिँदा धरौटी रकमको ब्याज दिईने छैन।
- प्राप्त बोलपत्रमा अधिकतम अंक कबोल गर्ने ब्यक्तिको कबोल अंक यस वित्तीय संस्थालाई स्विकार्य भएमा सो अचल सम्पत्ति बिक्री गरिनेछ।
- लिलाम बिक्री हुने अघिल्लो दिन सम्ममा ऋणीको तर्फबाट यस संस्थालाई भुक्तानी गर्नु पर्ने सम्पूण रकम बुझाएमा वित्तीय संस्थाले सो लिलाम बिक्री रद्द गर्न सक्नेछ।
- स्वीकृत बोलपत्रवालाले वित्तीय संस्थाले तोकेको मितिमा धरौटी बाहेकको बाँकी रकम नगद जम्मा गरि सो अचल सम्पत्ति आफ्नो नाममा नामसारी गर्नु पर्नेछ। सो कार्य गर्दा हाल सम्मको बक्यौता तथा कानून बमोजिम लाग्ने नामसारी दस्तुर लगायत अन्य कर शुल्क आदि बोलपत्रवालाले नै ब्यहोर्नु पर्नेछ। तोकिएको समय भित्र बाँकी रकम जम्मा नगरेमा धरौटी बापत जम्मा गरेको रकम जफत हुनेछ।
- बोलपत्र बमोजिम बिक्री गरिने सम्पत्ति हेर्न निरिक्षण गर्न र सो बारे अन्य थप जानकारी चाहिएमा कार्यालय समय भित्र यस वित्तीय संस्थाको प्रधान कार्यालय, हात्तीसारमा सम्पर्क राख्न सक्नुहुनेछ।
- बोलपत्र नपरेमा वा परेका बोलपत्र वित्तीय संस्थाले अस्वीकृत गरेमा वा लिलाम बिक्री गर्दा कसैले नसकारेमा उल्लेखित अचल सम्पत्तिको स्वामित्व आफ्नो अनुकुलमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ५७(७) बमोजिम आफ्नो नाममा लिई सोझै बिक्री वितरण गर्न सक्ने ब्यहोरा समेत सूचित गरिन्छ।
- आवश्यक कागजातहरु लगायत उपरोक्त सम्बन्धमा अन्य विस्तृत विवरणका लागि यस वित्तीय संस्थाको प्रधान कार्यालय, हात्तीसारमा सम्पर्क राख्न सक्नु हुनेछ।

गुडविल फाइनान्स लिमिटेड (वित्तीय संस्था)
GOODWILL FINANCE LIMITED
नेपाल राष्ट्र बैंकबाट "ग" वर्गको इजाजतप्राप्त राष्ट्रियस्तरको संस्था

केन्द्रिय कार्यालय
हात्तीसार, काठमाण्डौं, पो.ब.नं. ८८६७
फोनः ४५४४०३९, फ्याक्सः ४५४३४१४
इमेलः info@goodwill.net.np

शाखा कार्यालयहरु

डिल्लीबजार	इन्द्रचोक	भक्तपुर	कुमारीपाटी	त्रिपुरेश्वर	नयाँबजार	ईटहरी, सुनसरी	विर्तामोड	नेपालगंज
४४२२२९०	५३२९५५४	६६२००६७	५४०८६९०	५३३१५३३	५९१०७३८	०२५-५८७०५१	०२३-५३०५४८	०८१-५३२०५६
घोराही, दाङ	ईलाम	फिदिम	बुटवल	बर्दिबास	धनगढी	नवलपुर	गैंडाकोट	भैरहवा
०८२-५६३३५०	०२७-५२०९४९	०२४-५२१०६८	०७१-५३७२८२	०४४-५५०१०२	०९१-४१७३५७	०४६-५७००६०	०७८-५०१४११	०७१-५९०९६३

GFIL • GFIL • GFIL • GFIL • GFIL • GFIL • GFIL • GFIL

प्रभाव दैनिक
National Daily

सम्पादकीय

गृहमन्त्रीको बदनियत मिसिएको गिरफ्तारी

दोहोरो नागरिकता र राहदानी अभियोग पुष्टि भएपछि रवि लामिछानेले सभापति, गृहमन्त्री र सांसद तीन पद एकैसाथ गुमाएका थिए । त्यसपछि मिडियासँग भड्किएका लामिछानेको आक्रोश पटक–पटक सुनिन्छ । केही दिनअघि प्रतिनिधिसभामा स्पष्टीकरण दिने क्रममा पनि लामिछानेले आफूले ‘मिडिया मिलाउन नसक्ने’ भन्दै लाचार अभिव्यक्ति दिएका थिए । सहकारीको रकम अपचलनसम्बन्धमा लामिछानेमाथि अरु कोहीले प्रश्न उठायो भने त्यो मिडिया नै हो । त्यसमा पनि गोर्खा मिडियाले सहकारीको करोडौं रकम अपचलन गरेको पुष्टि भइसकेको छ ।

सोही मिडियाका सञ्चालकमध्येका प्रमुख जिबी राई अहिले फरार छन् । अर्का सञ्चालक रवि लामिछाने सरकारका उपप्रधान तथा गृहमन्त्री छन् । आफूलाई निकै चोखो सावित गर्न खोजे पनि पटक–पटक विवादमा तानिएका लामिछानेले आफू सहकारी ठगी प्रकरणमा संलग्न हुँदै नभएको दाबी गर्दै आएका छन् । उनी गोर्खा मिडिया नेटवर्क प्रालिका तत्कालीन सञ्चालक हुन् । अर्को कुरा उनले कुनै प्रमाण नराखी सहकारीको पैसा लिएको देखिएको छ । यस्तो अवस्थामा लामिछानेले दोहोरो अपराधमा गरेको देखिन्छ । तर उनी आफू चोखो रहेको दाबी गर्दै आएका छन् ।

राजा दाउदले एक अपराध छोप्न अर्को अपराध गरेझैं लामिछानेले पनि एकपछि अर्को अपराध गर्दै आएका छन् । उनको दाबीविरुद्ध प्रमाणसहित समाचार प्रकाशन गर्न थालेपछि लामिछानेले कान्तिपुर मिडिया ग्रुपका अध्यक्ष कैलाश सिरोहियालाई पक्राउ गरेको देखिन्छ । प्रतिनिधिसभामा सम्बोधनका क्रममा गृहमन्त्री लामिछानेले खेलमा तीनपटक सिठी बज्ने बताएका थिए । जेठ ६ गतेको सम्बोधनमा लामिछानेले खेल सुरु भएको र पहिलो सिठी सोही दिन बजेको बताए । त्यतिबेला प्रधानमन्त्री पुष्पकमल दाहाल एक्लै बडबडाएका थिए । सायद लामिछानेले बोलीको हद बढाए भनेर हो कि ! कतिपयले सिरोहियालाई पक्राउ गर्नुलाई दोस्रो सिठी बजेको संकेतसमेत गरेका छन् । उनले भनेझैं फुटबलमा मंगलबार पनि सिठी बजेको हो भने अब तेस्रो सिठी बज्नमात्र बाँकी छ ।

सिरोहियाले नागरिकता दुरूपयोग गरे नगरेको खोजी गर्ने कानुनी पाटो छँदै छ । तर नागरिकताको विषय देखाएर प्रतिशोधपूर्ण कदम चाल्नु निन्दनीय विषय हो । सहकारी ठगी प्रकरणमा आफूमाथि आरोप लागेपछि नैतिकताका आधारमा राजीनामा दिएर छानबिनका लागि बाटो खुला गरिदिनुपर्नेमा उल्टै समाचार लेखेकै भरमा प्रतिशोध साँध्नु गृहमन्त्री स्वयंका लागि घातक हुने निश्चित छ । सरकारमा बसेका ठूला दल नेकपा एमाले, माओवादी केन्द्रजस्ता दलहरू यस विषयमा मौन छन् । प्रतिशोधपूर्वक स्वतन्त्र प्रेसमाथि गरिने नियन्त्रणको प्रयास कदापि स्वीकार्य छैन ।

मननयोग्य

विदुर नीति

विदुरनीतिमा राजनीतिका मूलभूत कुरा र गहन तत्त्वहरूको विवेचना गरिएको छ । साथै मानवीय चरित्रको उत्थान र विकास गर्ने नैतिक उपदेशहरूको प्रवचन पनि यसमा समावेश छ । सामाजिक मूल्य र मान्यतालाई ह्रास हुनबाट जोगाउने क्रममा वर्तमान समयमा पनि विदुरनीति त्यत्तिकै प्रासंगिक ठहरिएको छ ।

‘धर्मको गति बुझिनसक्नु छ’ ‘मका तात्विक विषयहरू यत्रतत्र पाइँदैनन् ती सबै कुरा गुफाभित्र लुकिछिपी रहेका छन् अर्थात् बुझ्नलाई निकै परिश्रम चाहिन्छ। धर्मबारे यस्तै तर्क-वितर्कहरू लोकमा अद्यापि प्रचलित छँदैछन् । कुन कुरा धर्म हो, कुन कुरा अधर्म हो यस विषयको निश्चय सामान्य बुद्धि भएका मानिसले गर्न सक्दैन । धर्म र अधर्मका तत्त्व के हुन् भन्ने कुरा भगवान् स्वयम्ले मात्र बुझ्नुभएको छ अथवा भगवान्लाई भेट्न पाउने ऋषि महर्षिहरूले बुझेका होलान् । भगवान्को त्यो रूप जसले सकल प्राणीको हृदयभित्र रहेर सम्पूर्ण जगत् र प्राणीहरूलाई आफूभित्र समाहित गरेको छ । धर्मकै आधारमा नै सबैको स्थिति (व्यवस्था) बनेको छ । धर्ममा नै सबै कुरा आबद्ध छन् । यसैले धर्मलाई परम तत्त्व भनिएको छ ।

भाव-भेदका कारण (१) आध्यात्मिक (२) आधिदैविक (३) आधिभौतिक गरी तीनवटा धर्मका स्वरूप छन् । धर्मको पहिलो आध्यात्मिक स्वरूप स्वयम् भगवान् नै हुनुहुन्छ । दोस्रो आधिदैविक स्वरूप धर्मराज अथवा यमराजलाई मानिएको छ । यिनैले यस संसारमा विचरण गरेर पुण्य गर्ने र पाप गर्नेहरूका कर्म र कुकर्मको पहिचान गर्दै कर्मफलको व्यवस्था गर्दछन् । यसैले धर्मराजलाई सकल प्राणीको व्यावहारिक धर्मको अधिष्ठातृ देवता हुन् भनी मानिँदै आएको छ । तेस्रो आधिभौतिक स्वरूप भन्नु सामाजिक व्यवस्था हो । शास्त्र र यसको तत्त्वलाई भलिभाँती बुझेका ऋषि महर्षिहरूले सामाजिक व्यवस्थाका नियमहरू बनाएका छन् ।

मानवीय जीवनशैलीमा मेसिनको प्रभाव

■ कुमार भट्टराई

> मानव जीवनशैलीमा विज्ञान र प्रविधिकै कारण यो स्थानसम्म आइपुगेको हो । हामीले अडियो, भिडियोमार्फत सूचना आदानप्रदानको एक युग पार गरिसकेका छौं । हरेक कुराको विकास भनेको सूचना तथा सञ्चारमा समृद्ध समाज हो । कुनै पनि परिवर्तन सूचना सञ्चारको यथेस्ट प्राप्तिबाट हुने गर्छ । सञ्चार जगत्को मूल्यमान्यता मर्यादित बनाउन सकेनौं भने यसबाट समाजको विकास हुन सक्दैन । त्यसैले सञ्चार उद्यमी, सञ्चारकर्मी, मूलधारका सञ्चार उद्योगहरु जिम्मेवार छन्, रहन्छन् र रहनु पनि पर्दछ ।

हामीले प्रयोग गर्ने कलम, कम्प्युटर, प्रिन्टरलगायत सबै मेसिन नै हुन् । समयको परिवर्तनसँगै मेसिनको आकार र क्षमतामा विकास भइरहेको छ । मानिसले प्रयोग गर्ने भाला, खुकुरी वा बञ्चरो जो बल र गतिको माध्यमबाट मानिसले चाहेको काम सहज गरिदिन्छ, यी पनि मेसिन नै हुन् । मेसिनको विकासक्रमले मानिसको जीवनशैलीमा सहजता थपिएको छ भने मेसिनले पनि उत्कृष्ट सेवा प्रदान गर्न मेसिनमा कृत्रिम बौद्धिकता (एआई) समेत प्रयोग हुन थालेको छ । कृत्रिम बौद्धिकतासमेतको मेसिनको प्रयोगले मानव जीवनशैलीमा ठूलो परिवर्तन ल्याएको छ । समग्र समाजको विकासमा मात्र नभई स्वास्थ्य, शिक्षा र सञ्चार क्षेत्रमा एआईले पुऱ्याएको उपलब्धि २१औं शताब्दीको प्रविधि विकासको क्षेत्रको ठूलो उपलब्धि हो ।

मेसिनको विकासक्रमलाई बढो सचेत तबरले नियाल्दै र आफूलाई अझ मेसिनमैत्री बनाउन आजका मानिसका लागि अपरिहार्य भइसकेको छ । यसले मानिसलाई मेसिन जति नै फुर्तिलो बनाउनुपर्ने बाध्यता थप्दै पनि गएको छ। प्रविधिका कारण जीवन जति सहज भएको छ, त्यति नै प्रविधिको उपयोगको लतले हामीमा विभिन्न समस्या पनि सिर्जना गर्दै गइरहेको छ । मोबाइल आउनुभन्दा पहिले धेरै साथीभाइका टेलिफोन नम्बरहरू हामीलाई स्मरण हुन्थ्यो । आजभोलि हजारौं नम्बरहरू मोबाइलमा भण्डारण गरेर राखेका हुन्छौं । यसले ती टेलिफोन नम्बरहरू खोजेको बेलामा मेसिनमार्फत उपलब्ध हुन्छ तर पहिलेजस्तो हामीले स्मरण गरिरहेका हुँदैनौं । यसबाट एउटा शंका उत्पन्न भएको छ कि कतै हामी हाम्रो स्मरण क्षमतामा ह्रास ल्याइरहेका त छैनौं ? मेसिनको प्रयोगले हाम्रो स्वास्थ्यमा प्रभाव परेको त छैन ? यी र यस्ता विषयवस्तु जनस्तरमा छलफल गर्नुपर्ने बेला भइसकेको छ । केही समय अगाडि केहीबेर मात्र फेसबुक उपयोग गर्न नपाउँदा हामी प्रविधिको लतमा फसेका छौं कि भन्ने पनि देखियो ।

विद्युत्को आपूर्ति केही समयका लागि मात्र रोकिने हो भने हामीले प्रयोग गर्ने मेसिनमा धेरै नै प्रभाव पर्छ । त्यसबाट हाम्रो जीवनशैलीमा प्रभाव पर्ने निश्चित छ । त्यसैले मेसिन तथा प्रविधिको प्रयोगमा मानिस सचेत हुनु जरुरी छ । मेसिन नै प्रयोग नगरौं भन्ने त होइन तर मेसिनमा सामेल एआईले हामीलाई थाहा नपाउँदो तरिकाले मेसिन प्रयोगको लत बिसाइरहेको छ। आउँदा दिनमा झन् धेरै उच्चतम् प्रविधि सामेल भएका मेसिनहरू बन्दै छन् र बजारमा सहज उपलब्ध हुने अवस्था छ किनकि हरेक देशले आफ्नो उन्नतिलाई मेसिनको विकासक्रमसँगै गाँसेका छन् । आजका दिनमा संयुक्त राज्य अमेरिका, चीन, ताइवान, जापान, जर्मनी, इजरायल, रसियालगायतका देशले नयाँ-नयाँ प्रविधिको आविष्कार गरेर प्रविधिको उच्चतम् प्रयोग गरी विकास गरिरहेका छन् । यद्यपि, इतिहासमा एसिया विकासमा धेरै अगाडि थियो । एसियाभन्दा झण्डै एक हजार वर्षपछि मात्र युरोपेली नागरिकहरू नयाँ-नयाँ आविष्कारमा लागेका देखिन्छन् ।

अबका दिनमा हामी संसारस‘ग कसरी सूचना तथा सन्देश आदानप्रदान गर्छौं भनेर एआई, पाइभ जी, ब्लकचेन, एआर, भिआर, क्वान्टम कम्प्युटिङ र लटजस्ता प्रविधिले निर्धारण गर्ने छन् । जोन म्याक्कार्थीलाई हामीले कृत्रिम बौद्धिकताको जननी भन्न सक्छौं । कृत्रिम बौद्धिकताको अन्वेषण अलेन टुरिङ, मार्भिन मिस्काई, अलेन नेवेल र हर्बट ए समेतको संलग्नतामा भएको हो ।

स्मार्ट भन्ने शब्दको मेसिन प्रयोग गर्दै हुनुहुन्छ भने तपाईं एआई प्रयोगकर्ता हो । घण्टी लाग्ने घडी आज परिस्कृत भएर निद्राबाट ब्युँझाउँदै गर्दा बाहिर पानी परिरहेको छ र तपाईं सधैंजसो अफिस जाने बाटोमा पुल भत्किएको छ, तपाईंले वैकल्पिक मार्ग प्रयोग गरी जाँदा एक घण्टा थप समय लाग्छ भनेर सन्देश प्रवाह गर्न थालिसकेको छ। त्यो स्मार्ट अर्लाम भनेको एआई हो । तपाईंले नाडीमा बाधेको घडीले प्रेसर उच्च भएको छ औषधि खानुभयो भनेर एकाएक बाटोमा हिँड्दै गर्दा तपाईंको मार्ट घडीले सन्देश प्रवाह गर्दै गऱ्यो भने एआई तपाईंले प्रयोग गरेका कारण तपाईंको स्वास्थ्यप्रति चिन्ता देखाइरहेको छ भन्ने मेसिनको सामर्थ्य हो र त्यो नै आजको विकसित मेसिन हो । अनलाइन सपिङका लागि ब्राउजिङ गर्दैगर्दा ब्राउजिङ र यसअघिको सामान खरिदको सूचीको आधारमा तपाईंलाई मन परेका र छनोट गर्दै गरेका सामानहरू नै लगातार तपाईंलाई देखाइरहन्छ, त्यो पनि एआई हो । यसबाट तपाईंको समय सदुपयोग भएको छ ।

हामीलाई मेसिनले आर्थिक कारोबार, स्वास्थ्य सेवा यहाँसम्म कि चलाउने मोटरगाडीसमेत एआई प्रविधिबाट नै प्रत्येक क्षण सघाइरहेका हुन्छन् । कुन कम्पनीको सेयर किन्ने वा शरीरको तौल दुरुस्त राख्ने, डाक्टरले दिएको निर्देशनअनुसार विभिन्न पद्धतिमध्ये कुन समयमा के गर्नु ठीक होलासम्म भन्ने कुरा एआईले नै मार्गदर्शन गरिरहेको अवस्था छ । हामीले जति परिस्कृत एआई प्रयोग गर्दै जान्छौं, त्यति नै थप सेवा तथा सुविधा दिन मेसिन सबल हुने छ ।

यसरी निर्माण गरिने मेसिनलाई मानिसकै विभिन्न रूपमा निर्माण गरी अहिले मोडेल, समाचार प्रस्तोतासमेत बनाइसकेको अवस्था छ । सुरुका दिनमा सिन्ह्वा समाचार समिति र सोगोउ अफ चाइनाले समाचार रिपोर्टिङ उद्देश्यका लागि एआई विकास गरेका थिए । छिमेकी देश भारतमा ‘सना’ नामको एआई समाचार वाचिका प्रख्यात कार्यक्रम प्रस्तोता रोबर्ट हो । एआईले आफूलाई मनपर्ने मानिसका लागि कविता लेखिदेऊ भन्दा लेखिदिने अवस्थामा हामी पुगेका छौं भने फिडब्याकका आधारमा एआई आफैं परिस्कृतसमेत बन्दै जान्छ, पत्रकार, कवि, लेखक, कलाकार सबैलाई एआईले सहयोग पुऱ्याइरहेको छ ।

समय गतिशील छ, गतिलाई प्राविधिक पाटोबाट नियाल्दा काल, गुरुत्वाकर्षण र स्पेसजस्ता आयामबाट बुझ्न सहज हुन्छ । सामाजिक परिवेशमा परिवर्तन प्रायःजसो सकारात्मक हुन्छन् र त्यसबाट प्रलय वा अनिष्टको अवस्थामाबाहेक सिर्जनशीलतासमेतको विकास हुँदै जान्छ । ढुंगे युगको सूचना तथा सञ्चारको आदानप्रदान अत्यन्तै सीमित कोडहरूबाट हुन्थ्यो भने संकेत विकास हुँदै जाँदा लिपिबद्धताले लेखन कला विकास भएको थियो । यस क्रमबाट नै भाषा र भाषिकाहरूले संग्रहित हुन पाए । तर हरेक परिवर्तनमा प्रविधि नङ र मासुजस्तै अन्तनिहित रहे ।

मानव जीवनशैलीमा विज्ञान र प्रविधिकै कारण यो स्थानसम्म आइपुगेको हो । हामीले अडियो, भिडियोमार्फत सूचना आदानप्रदानको एक युग पार गरिसकेका छौं । हरेक कुराको विकास भनेको सूचना तथा सञ्चारमा समृद्ध समाज हो । कुनै पनि परिवर्तन सूचना सञ्चारको यथेस्ट प्राप्तिबाट हुने गर्छ । सञ्चार जगत्को मूल्यमान्यता मर्यादित बनाउन सकेनौं भने यसबाट समाजको विकास हुन सक्दैन । त्यसैले सञ्चार उद्यमी, सञ्चारकर्मी, मूलधारका सञ्चार उद्योगहरू जिम्मेवार छन्, रहन्छन् र रहनु पनि पर्दछ । पर्चा छरेर, भित्तेलेखन गरेर त्यसपछि माइकिङ गर्दै सन्देश प्रवाह गरेर विश्वभरि राजनीतिक परिवर्तन भएका छन् । सूचना नै शक्ति हो भन्ने आज स्थापित भइसकेको छ । अहिले हामी विभिन्न कला, पम्प्लेट, पोस्टर, पत्रपत्रिका, हुँदै रेडियो प्रसारण, दूरदर्शन प्रसारण र इन्टरनेटको विकासक्रमसम्म पुगिसकेका छौं ।

आउँदो दशक हामी इन्टरनेट ब्रोडकास्टिङमा नै केन्द्रित हुने छौं । हामी आन्तरिक सञ्चारलाई प्रविधिमार्फत विश्वव्यापीकरण गरिसकेका हुने छौं । एलन मस्कको न्युरालिंकले विकास गर्दै गरेको बिसिआई प्रविधिलाई मानव हितको मूल्य मान्यतामा प्रयोग गर्दा संसारका सबै मानिस एउटै सर्भरमा गाँसिने निश्चित छ । मानव शरीर पनि अनगिन्ति ट्रान्समिटर र रिसिमर भएको वायोलोजिक संयन्त्र हो । यो संयन्त्रमा बिसिआई प्रयोग गरेपछि हाम्रो मस्तिष्कको हरेक गतिविधि रेकर्ड गर्ने र त्यसलाई प्रयोग गर्ने क्रमको सुरुआत हुने छ । यी नयाँ सूचना तथा सन्देशहरू यदि इन्टरनेटमार्फत हामीले लिंक र सेयरको अधिकार सुनिश्चित गर्ने विश्वव्यापी कानुनको निर्माण गर्न सक्यौं भने सूचना तथा सञ्चारका अहिले हामीले उपयोग गरिरहेका प्रविधिमा विश्वका करिब आठ अर्ब मानिसको बौद्धिकता एकापसमा संगठित हुने छ । यो अनौठो र अद्वितीय नेटवर्किङले आउँदो दशकमा सूचना तथा सञ्चार आदानप्रदानको उच्चतम बाटो खोल्ने छ भने सूचना संकुचन गर्ने अवस्था रहने छैन । *रासस*

(लेखक ब्रोडकास्टिङ एसोसिएसन अफ नेपाल (बान)का केन्द्रीय अध्यक्ष हुन्)

पत्र-मञ्जुषा

राष्ट्र बैंकको नीति : बैंकलाई ‘सेफलाइन’ बनाउने, सर्वसाधारण डुबाउने

पछिल्लो समय ठगीको नयाँ-नयाँ स्वरूप देखिन थालेको छ । टाठाबाठाहरूले ठग्नका लागि विभिन्न ‘पोलेसी’ (नीति) ल्याइरहेको पाइन्छ । तिनीहरूको कमाउने पोलेसीमा सीधासाधी परिरहेका छन् । सीधासाधीले भुइँको टिप्न खोज्दा खल्तीको पनि गुमाइरहेको अवस्था छ । हिजो करोडौं सर्वसाधारणलाई बैंक तथा वित्तीय संस्थाले ठगेको छ ।

ऋणीको करोडौंको सम्पत्ति बैंक तथा वित्तीय संस्थाले कौडीको भाउमा पचाइदिएका छन् । जसका कारण धेरै सडकछाप भएका छन् । बैंककै कारण आत्महत्या गरेका घटनाहरू पनि छन् । बैंक तथा वित्तीय संस्थाले करोडौंलाई रुवाएको छ । बैंक तथा वित्तीय संस्थाको असली अनुहार देखेपछि आम सर्वसाधारण कर्जा लिनै जान छोडे । ३० लाख दिएर करोडको सम्पत्ति खाइदिन्छ भन्ने थाहा पाएका सर्वसाधारण कर्जा लिन नगएका हुन् । सर्वसाधारणमा बैंक तथा वित्तीय संस्थाको ठगी कार्यप्रति चेतना आयो । पछिल्लो समय बैंकमा कर्जा लिन जाने कोही पनि थिएनन् । कर्जा लिन आउन नभएपछि बैंकले ठग्न पाएन ।

यता, बचतकर्तालाई पनि ब्याज दिन नसक्ने अवस्थामा पुग्यो । त्यसपछि नेपाल राष्ट्र बैंकले नीति ल्यायो । धितोको मूल्यांकनका आधारमा ७० प्रतिशत धितो दिने भनिएको छ । सर्वसाधारणले ३० प्रतिशत लगानी गर्दा हुन्छ । बैंकले यो लोभ देखाएपछि सीधासाधी त पुनः लोभिएर कर्जा लिन जान्छ । बैंकले पहिले कसरी ठगिरहेको थियो ? यो त सबैलाई थाहा नै पाइसके । सेवा शुल्क, ब्याज, हर्जना जरिवाना भन्दै पैसा असुलिन्छ । तीन किस्ता नतिर्नेबित्तिकै बैंकले धितो नै पचाइदिन्छ । सेवा शुल्क एक प्रतिशत भनिएको छ, लिइन्छ तीन प्रतिशत । ब्याज १२ प्रतिशत भनिए पनि ७५ प्रतिशतसम्म पुऱ्याइन्छ ।

यो खेल अहिलेदेखि होइन, पहिलेदेखि चल्दै आएको छ । डेढ करोडको धितो छ भने भ्यालुएसन गर्दा एक करोडको गर्छन्, बैंक तथा वित्तीय संस्था । त्यसमा पनि थोरै कर्जा दिन्छन् र किस्ता तिर्न नसक्नेबित्तिकै सम्पत्ति झ्वाम्म बनाउँछन् । अब अहिले त ७० प्रतिशत कर्जा दिने सरकारको नीति छ ।

बाघले आहारा नपाएपछि आफ्नो स्याहारसुसार गर्नेलाई पनि खाइदिन्छ नि । बैंक तथा वित्तीय संस्थाको हकमा पनि त्यही हो । यिनीहरूले कसैलाई दया लागेर कर्जा दिने होइनन् । आफू कमाउनका लागि अरुलाई सडकछाप बनाउने धन्दा हो । बैंक तथा वित्तीय संस्थाले व्यापार मात्र गर्न खोज्छन् । व्यापार गर्नेले कहिले अरुको बारेमा सोच्छ ? यसबारे सर्वसाधारणले अब राम्रोसँग बुझ्न जरुरी छ । आम सर्वसाधारणबाट बैंक तथा वित्तीय संस्था नांगिसकेको छ । किन कि हिजो बैंकले गरेको व्यवहार त सर्वसाधारणले देखिसकेका छन् । बैंकले कसैलाई यत्तिकै कर्जा दिने होइन ।

थोरै रकमका लागि करोडको सम्पत्ति धितो राखिन्छ । बैंकको योजना जसरी पनि धितो पचाउने नै हुन्छ । जुन कुरा सर्वसाधारणले बुझिसकेका छन् । बैंक तथा वित्तीय संस्थाले मान्छेलाई मर्नुपर्नेसम्मको अवस्था बनाउँछ । आफ्नो परिवार नै सखाप पारेको कैयन घटना पनि छन् । बैंकले दिएको तनाव सहन नसकेर पहिले परिवारको हत्या, त्यसपछि आफूले आत्महत्या गरेको घटना समाजमा घटिसकेको छ । तर, सरकारलाई त जनताको ज्यान सस्तो छ । बैंकले जे गरे पनि खुला छोडिन्छ । सरकारले नै जनतालाई जति सक्छौं लुट भनेर बैंकलाई इजाजत दिएको छ ।

अनि सर्वसाधारण मर्नुपर्नेसम्मको अवस्थामा पुग्नु स्वाभाविकै हो । राष्ट्र बैंकका गभर्नर नै जनता डुबाउन लागेका छन् । हाल राष्ट्र बैंकले गरेको सो निर्णयमा धेरै चलखेल भएको छ । पर्दाभित्र बसेर सेयर व्यवसायी, घरजग्गा व्यवसायी र अटो व्यवसायीहरूले राष्ट्र बैंकलाई दबाब दिएका हुन् ।

सोहीअनुरूप यो नीति ल्याइएको हो । दलालीहरूले आफ्नो फाइदाका लागि केसम्म गरेनन् ? आनाको पाँच हजार नपर्ने जग्गालाई खण्डीकरण गरेर, टुक्राटुक्रा पारेर, प्लानिङ गरेर आनाको ६०-७० लाखसम्ममा बेच्यो । बैंक तथा वित्तीय संस्थालाई घूस खुवाउने, कर्जा मिलाउने अनि सोझासाझीलाई चंगुलमा पार्ने काम बैंक तथा वित्तीय संस्थाले गरिरहेका थिए ।

बैंकले एक सय रूपैयाँ कित्तामा निकालेको सेयर दलालीले चार हजार रूपैयाँसम्म पुऱ्यायो । छिमेकी मुलुकमा एक लाख नपर्ने सवारीसाधन यहाँ ल्याएर लाखौंमा बेचियो । यसमा कर्जा दिने फेरि बैंक नै हो । बैंक कर्जा दिने, व्यवसायी नामका दलालहरूले सीधासाधीलाई ‘मुर्गा’ बनाए । रातारात नाफा कमाउन पाउने भएपछि बैंक तथा वित्तीय संस्थाले धमाधम यी तीन क्षेत्रमा लगानी गरे । सेवा शुल्क, घूस, चर्को ब्याज खान पाउने भएपछि बैंकले आँखा चिम्लेर कर्जा लगानी गरेको छ । जब जनतामा चेतना आयो, त्यसपछि यिनीहरूको ठगीधन्दा बन्द भयो । सञ्चार माध्यमहरूले पनि सत्यतथ्य बाहिर ल्याइदिए ।

त्यसपछि सर्वसाधारणले यहाँ लगानी गरेनन् । सचेत भए । सर्वसाधारण सचेत हुनेबित्तिकै दलालहरू ‘पानीबिनाको माछा’ जस्तै भए । ठग्न नपाएपछि उनीहरू रन्थनिए । यता, बैंक तथा वित्तीय संस्थाको लगानी पनि जोखिममा परेको अवस्था छ । किनकि घरजग्गा, सेयर र गाडीको कारोबार सुस्ताएको छ । घरजग्गा, गाडी र सेयर किन्ने छैनन् । जसका कारण बैंकलाई धितो लिलाम गर्न पनि सकस परेको छ । बैंकले सावाब्याज जोड्दा धितोको तेब्बर पुगिसक्यो तर लिलाम गर्न सकेको छैन । त्यसैले पनि अहिलेको नीति ल्याएको छ । बैंकले ७० प्रतिशत कर्जा दिने भएपछि त किन्ने मान्छे आउँछन् भन्ने बैंकले सोचेको छ ।

एउटा उखान छ, ‘चोक्टा खान गएकी बूढी झोलमा डुबेर मरी’ । अहिले राष्ट्र बैंकले ल्याएको नीति पनि त्यही हो । बैंकलाई ‘सेफलाइन’ बनाउने, सर्वसाधारण डुबाउने । कर्जा पाउने भनेपछि सर्वसाधारणले आफूसँग भएको रकम लगेर लगानी गर्छन् । अनि त्यो तिर्न नसकेपछि फेरि बैंकले खाइदिन्छ ।

हामीले भारी बोक्ने मान्छे देखेका छौं । उनीहरूको लुगा मैलो तर मन सफा हुन्छ। बैंकका कर्मचारीहरू सुकिलामुकिला हुन् तर मन कालो हुन्छ । यो हो भिन्नता । गरिब भए पनि इमान छोड्नुहुँदैन । जति आउँछ, त्यतिमै रमाउँछन् । बैंकका कर्मचारी पढेका हुन्छन्, सफा हुन्छन्, मिठो बोल्छन् । मिठो बोलेकै भरमा सीधासाधीको श्री सम्पत्ति सकाइदिन्छन् । सबैभन्दा ठूलो जनता हुन् । जनताको आँखा खुलेपछि जुनसुकै नीति ल्याए पनि ठग्न सकिँदैन ।

– अनुसा थापा, भक्तपुर

जानकारी

अब यस दैनिकले हरेक दिन पत्र-मञ्जुषा स्तम्भ सुरु गरेकाले पाठक वर्गहरूले आफूले चाहेको विषय वस्तु, सरकारी निकायको काम कारबाही वा पत्रिकामा सम्प्रेषण भएको समाचारका बारेमा पत्र लेख्नु भएमा त्यसलाई जस्ताको त्यस्तै प्रकाशन हुने जानकारी गराइन्छ । सं.

prabhabdailynews@gmail.com
facebook.com/prabhab online

चितवनमा शल्यक्रियाविना पहिलोपटक मुटुको प्वाल टालियो

चितवन– चितवनमा पहिलोपटक शल्यक्रियाविना मुटुको प्वाल टालिएको छ । चितवन मेडिकल कलेज (सिएमसी) मा पहिलोपटक नवलपरासी (बर्दघाट सुस्ता पूर्व) को देवचुलीकी ४० वर्षीया महिलाको मुटुको प्वाल शल्यक्रियाविना टालिएको हो। मुटुरोग विशेष प्रा.डा. श्यामराज रेग्मी नेतृत्वको टोलीले रगत बग्ने ठूलो नसाबाट मुटुसम्म जाली पुऱ्याएर प्वाल टालेको हो । अहिले ती महिलाको स्वास्थ्य अवस्था राम्रो रहेको अस्पतालले जनाएको छ । उपचार टोलीमा प्रा.डा. विष्णुमणि धिताल, प्रा.डा. अनिल आचार्य, प्रा.डा. भारतीदेवी शर्मा, क्याथल्याब इन्चार्ज अमृत काफ्लेलगायत नर्सहरूकोसमेत सहभागिता रहेको थियो ।

प्रा.डा. रेग्मीले यस्ता धेरैजसो प्वाल छाती चिरेर 'बाइपास सर्जरी'जस्तो 'ओपनहर्ट सर्जरी' गरेर टाल्ने गरिएकामा नयाँ प्रविधिको विकाससँगै शल्यक्रिया नगरीकन (डिभाइस क्लोजरमार्फत) तारको माध्यमबाट टाल्न सम्भव भएको बताए । बिरामीको मुटुको दाहिने कोठा सुन्निएको, भारी काम गर्दा श्वास फेर्न गाह्रो हुनेलगायत लक्षण लिएर अस्पताल आएकी ती महिलाको सोही प्रविधि प्रयोग गरी चितवन मेडिकल कलेजमा पहिलोपटक उपचार गरिएको जानकारी दिए ।

मुटुमा यस्ता प्वाल आमाको गर्भमै हुने बताउँदै प्रा.डा. रेग्मीले भने, 'प्रायः यस्ता प्वालहरू जन्मिनेबित्तिकै बच्चाले लामो श्वास फेर्दा बन्द हुने गर्छन् । बच्चाको पूरा विकास नभएर यस्ता समस्या आउने गरेका हुन्,' उनले भने, 'धेरै मान्छेले ग्यास्ट्रिक, दम, कहिलेकाहीँ मनोवैज्ञानिक तवरबाट तनावका कारणले होला भनेर राम्रोसँग ख्याल गर्दैनौं । उन (ती महिला) मा पनि समयमा ख्याल नगरेका कारण अहिलेसम्म मुटुको प्वाल रहेको हो । *रासस*

हकदावी गर्न आउने बारे ३५ दिने सूचना

कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वरमा दर्ता भएको एभरेष्ट लोटस कन्सल्टेन्सी प्रा.लि. (दर्ता नं. १५५३८१/०७३/०७४) को मिति २०८१/०२/०८ गते बसेको बार्षिक साधारणसभाले कम्पनी खारेज गर्ने निर्णय गरेकोले उक्त कम्पनीसँग कोही कसैको लेनदेन वा कम्पनीले तिर्नु बुझाउनु पर्ने कुनै दायित्व भएमा प्रमाण सहित यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र लिक्वीडेटरको कार्यालय बानेश्वर काठमाडौंमा सम्पर्क गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । अन्यथा तोकिएको म्यादभित्र हकदावी गर्न नआए उक्त कम्पनी खारेजीको प्रकृया अगाडि बढाई दर्ता खारेज गरिने छ ।

लिक्वीडेटर: तेज प्रसाद खराल, इजाजतपत्र नं. ४१५

फोन नं. ९८५१०१९५२८, ईमेल : semantamani@gmail.com

दावी विरोध सम्बन्धी

वैदेशिक रोजगार विभाग, काठमाडौंको

सूचना

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय संचालन गर्न इजाजतपत्र प्राप्त संस्था **श्री मेहंदी ओभरसिज प्रा.लि (ई.प.नं.११५७/०७३/०७४) को** साविकको नाम परिवर्तन गरी **श्री किष्ट ह्युमन रिसोर्स प्रा.लि.** कायम गर्न माग भई आएकोले उक्त प्रा.लि.को माग बमोजिम साविकको ठेगाना परिवर्तन गर्दा कोही कसैलाइ मर्का पर्ने भएमा यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र यस विभागको संस्था दर्ता शाखामा उजुरी/निवेदन पेश गर्नु हुन अनुरोध छ। अन्यथा कानुन बमोजिम भई जाने व्यहोरा समेत यसै सूचनाद्धारा जानकारी गराइन्छ ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

कम्पनीको दर्ता खारेज गरिएको सूचना

यस कार्यालयमा मिति २०७८/०१/१४ मा दर्ता भएको **प्रा.लि. नं. २६३३५१** को **एस. आर. प्याथोलोजी ल्याव प्रा. लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८०/०६/२४ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ को उपदफा (१) बमोजिम दर्ता खारेज गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **ALMONA PLASTIC PRODUCTS FACTORY LTD.CO.**

पूर्व स्वीकृति मिति २०८०/१२/२८ | LT. No. 304812 | चलानी नं. ६०२१९८३३

सि. नं.	कामदारको पद	माग संख्या		मासिक तलव		ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक विदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
		पुरुष	महिला	OR	ने.रू.							
1	LABOR	10	0	1000	३५,५३३	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ जेठ १६ गते (29th May 2024) मा हुनेछ ।

स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने	रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने	स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने	हवाई टिकट कसले दिने र कति लाग्ने	भिषा शुल्क कसले दिने र कति लाग्ने	अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने	भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने
कामदार आफैं	दिने	कामदार आफैंले	हुने/रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रु.७००/- कामदार आफैंले	रोजगारदाता कम्पनीले

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Gandaki Gurkhas Pvt. Ltd.

श्रम ईजाजत नं. ६३०/०६३/०६४

New Baneshwor ktm, Nepal, Tel: +977-1-4115065, 4115067, Fax: 977-1-4115024

युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **VR CLEANING SERVICES**

पूर्व स्वीकृति मिति २०८१/०२/०४ | LT. No. 304887 | चलानी नं. ६०२१९८३०

सि. नं.	कामदारको पद	माग संख्या		मासिक तलव		ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक विदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
		पुरुष	महिला	AED	ने.रू.							
1	Female Cleaner	29	0	800	२९,०२६	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ जेठ १६ गते (29th May 2024) मा हुनेछ ।

स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने	रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने	स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने	हवाई टिकट कसले दिने र कति लाग्ने	भिषा शुल्क कसले दिने र कति लाग्ने	अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने	भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने
कामदार आफैं	दिने	कामदार आफैंले	हुने/रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रु.७००/- कामदार आफैंले	रोजगारदाता कम्पनीले

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Mobhira Overseas Service Pvt. Ltd.

P.O. Box : 15142, K.P.C. : 283, Basundhara, Kathmandu, Nepal
Tel: +977 1 4359905/ 4385829/ 4385832, Fax: +977-1- 4353733/ 4386111
Email: mobhiraoverseas111@gmail.com, mobhiraoverseas222@gmail.com

Govt. License 083/053/054

युएईमा वैदेशिक रोजगारको अवसर

फ्रि भिषा !! फ्रि टिकट !!

कम्पनी : **ALWALSHIN STAR HOSPITALITY SERVICES**

पुर्व स्वीकृति मिति २०७९/०९/११ | पुन विज्ञापन स्वीकृति मिति २०८१/०२/०८ | LT. No. 278288 | चलानी नं. ६०१९३७७४

सि. नं.	कामदारको पद	माग संख्या		मासिक तलव		ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक विदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
		पुरुष	महिला	AED	ने.रू.							
1	cleaner	20	95	900	३२,४६०	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष
2	Manager	2	4	3000	१०८,२०५							
3	Waiter	20	95	1000	३६,०७०							

कम्पनी : **WALSHINN HOSPITALITY SERVICES EST**

पुर्व स्वीकृति मिति २०७९/०७/२७ | पुन विज्ञापन स्वीकृति मिति २०८१/०२/०८ | LT. No. 274949 | चलानी नं. ६०१९१०९९

सि. नं.	कामदारको पद	माग संख्या		मासिक तलव		ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक विदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
		पुरुष	महिला	AED	ने.रू.							
1	Cleaner	20	65	900	३२,४६०	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष
2	Event Planner	0	20	1200	४२,७५०							
3	Follow Up Clerk	0	20	1200	४२,७५०							
4	Waiter	0	62	1000	३६,०७०							

कम्पनी : **WALSHINN HOSPITALITY SERVICES EST**

पुर्व स्वीकृति मिति २०७९/०४/१७ | पुन विज्ञापन स्वीकृति मिति २०८१/०२/०८ | LT. No. 271028 | चलानी नं. ६०१८६८१४

सि. नं.	कामदारको पद	माग संख्या		मासिक तलव		ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक विदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
		पुरुष	महिला	AED	ने.रू.							
1	Cleaner	5	20	900	३२,४६०	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष
2	Event Planner	10	40	1200	४२,७५०							
3	Follow Up Clerk	10	40	1200	४२,७५०							
4	Manager	0	3	3000	१०८,२०५							
5	Marketing Specialist	5	30	1200	४२,७५०							
6	Waiter	5	20	1000	३६,०७०							

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ जेठ १६ गते (29th May 2024) मा हुनेछ ।

स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने	रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन	स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने	हवाई टिकट कसले दिने र कति लाग्ने	भिषा शुल्क कसले दिने र कति लाग्ने	अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने	भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने
कामदार आफैं	दिने	कामदार आफैंले	हुने/रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	कामदार आफैंले	रु.७००/- कामदार आफैंले	रोजगारदाता कम्पनीले

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Shuvam Overseas Employment Pvt. Ltd.

SOE
श्रम ईजाजत नं. ४९७/०६१/०६२

Mitranagar-29, New Buspark Kathmandu, Nepal, Tel : +977-1-42160043,
Mobile: 9851073220, 9813462938, 9818425111, 9867835681, 9814470329
E-mail : shuvamoves123@gmail.com, Website : www.shuvamoverseas.com

---

Invitation for Bids

Sundarharaincha Municipality

Office of Municipal Executive

Biratchowk, Morang, Koshi Province, Nepal

Invitation for Electronic Bids

Procurement of Goods

Date of publication(Second Notice): 2081/02/09

1. The Sundarharaincha Municipality, Office of Municipal Executive invites electronic bids from eligible Bidders for the procurement as stated in table below under SQ bidding procedures specified in Public Procurement Act and Regulations.
2. Bidding documents is available online and can be downloaded from e-GP system: www.bolpatra.gov.np/egp. Interested bidders shall register in the e-GP system and deposit the cost of bidding document **Nrs. 1000**/- in the following bank.
   Name of the Bank: Agricultural Development Bank
   Name of the Office: Sundarharaincha Municipality
   Office Account No.: 0601501147630146
3. The Bids must be valid for a period of 45 days counting from the day of bid opening and must be accompanied by bid security, amounting to a minimum of as stated in table below, which shall be valid for minimum 30 days beyond the bid validity period. For Cash Deposit Bank details:
   Name of the Bank: Agricultural Development Bank
   Name of the Office: Sundarharaincha Municipality
   Office Account No.: 0601501147630030
4. If the Bid opening day falls on a government holiday, then the bid will be opened on the next working day.
5. Any change or amendment on notice or bid document will be published on e-GP system: www.bolpatra.gov.np/egp or office website: www.sundarharaichamun.gov.np or office notice board.
6. The Employer reserves the right to accept or reject, wholly or partially any or all bids without assigning any reason, whatsoever. For further enquiry contact: 9852066111, 9841566929.

S. N.	IFB No./ Contract ID No.	Name of Project Work	Estimated Amount Nrs. (without VAT)	Bid Document Fee (Nrs.)	Bid Security Amount (Nrs.)	Bid Submission Date	Bid Opening Date	Remarks
1	SHM/MOR/SQ/ G/27/2080/081	Procurement of Supply and Delivery of CGI Sheet	1326000.00	1000	38000.00	2081/02/24 12:00PM	2081/02/24 01:00PM	Re-Notice SQ

Chief Administrative Officer

Invitation for Electronic Bids

Shree Gauri Shankar Secondary School, Nijgadh-8, Bara

Madhesh Province, Nepal

INVITATION FOR BIDS NO: NCB/GOODS/GS8/01/2080/081

(Date of First Publication: B.S.2081/02/09)

Project Name: Supply and Delivery of Electronic Device and Accessories.

Shree Gauri Shankar Secondary School, Nijgadh- 8, Bara invites electronic bid from Nepalese eligible bidders for procument of Supply and Delivery of Electronic Device and Accessories under the prevailing laws.

1. Shree Gauri Shankar Secondary School, Nijgadh- 8, Bara invites electronic bids from registered suppliers for the Supply and Delivery of Electronic Device and Accessories.
2. Eligible Suppliers may obtain further information and insepect the electronic bid forms at the office of Shree Gauri Shankar Secondary School, Nijgadh-8, Bara 9855010257, gaurishankarhsschool@gmail.com or may visit ppmo website www.bolpatra.gov.np/egp.
3. Electronic bids must be submitted to the office of Shree Gauri Shankar Secondary School, Nijgadh- 8, Bara through e-GP i.e. www.bolpatra.gov.np/egp by 21-06-2024 A.D. 12:00.
4. The bids will be opened in the presence of Bidders representatives who choose to attend on June 21, 2024 A.D. at 14:00 at the office of Shree Gauri Shankar Secondary School, Nijgadh-8, Bara.
5. Bids will be valid for 120 days from the date of bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format in case of e-bid, amounting of NRs 1,50,430, which will be valid for 30 days beyond the validity period of the bid.
6. The office of Shree Gauri Shankar Secondary School, Nijgadh- 8, Bara reserves the right to accept or reject, wholly or partly any or all sealed quotations without assigning any reason, whatsover.
7. Matters not mentioned in this notice will be applicable as per the prevailing laws.

Invitation for Bids

001/Works/SISN/2080/081

Date of publication: 9th Jestha 2081

1. **SPINAL INJURY SANGH NEPAL(SISN)** invites sealed bids from eligible and qualified bidders for the Construction of **"Additional Storey on Administrative Block"** at SANGA KAVRE. This grant for the construction is provided by Ministry of Health and Population, Nepal.
2. Only eligible bidders with the following key eligibility criteria should participate in this bidding:
   i. Firm or Company Registration Certificate.
   ii. Business Registration License or Civil Works Contractor License or Certificate.
   iii. PAN and VAT Certificate.
   iv. Tax Clearance Certificate of FY 2079.080.
   v. Company should have at least 10 years' experience of construction in both Light weight and dry construction structures too, such as Metal framing with decking slab and partition wall with Gypsum board or puff material etc.
   vi. A written declaration made by the Bidder stating that the Bidder is not ineligible to participate in the Bid; has no conflict of interest in the proposed bid procurement proceedings and has not been punished or convicted by any court of law relating to his legal profession or businesses related offence.
3. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at Spinal Injury Sangh Nepal, Spinal Injury Rehabilitation Centre, Sanga, Kavre.
4. A complete set of Bidding Documents may be purchased from Spinal Injury Sangh Nepal, Spinal Injury Rehabilitation Centre Sanga, Kavre by eligible Bidders on the submission of a written application, along with the copy of company/firm registration certificate, PAN/VAT and upon payment of a non-refundable fee of **NRs 3000** till **17th Jestha 2081 before 2:00PM.**
5. Sealed bids must be submitted to Spinal Injury Sangh Nepal, Sanga, Kavre by hand on or before **2:00PM on 18th Jestha 2081.** Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at **3:00PM on 18th Jestha 2081** at the office of Spinal Injury Sangh Nepal, Sanga, Kavre.
7. Bid security amount is **2.5%** of the quoted bid amount either bank guarantee or bank deposit Voucher deposited to Spinal Injury Sangh Nepal, Himalayan Bank Limited, Patan Branch, Ac: 00608081460011
8. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date.

स्पाइनल इन्जरी संघ नेपाल
Spinal Injury Sangh Nepal

Spinal Injury Sangh Nepal – Spinal Injury Rehabilitation Centre (SIRC)
Tel: 011-660847/011-660848 (8:30am to 3:30pm)
Email: spinalnepal@gmail.com

युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **PLATINUM HANDS PACKING & REPACKING SERVICES**

पुर्व स्वीकृति मिति २०८०/१२/२३ | पुन विज्ञापन स्वीकृति मिति २०८१/०२/०६ | LT. No. 303173 | चलानी नं. ६०२१७९९५

सि. नं.	कामदारको पद	माग संख्या		मासिक तलव		ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक विदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
		पुरुष	महिला	AED	ने.रू.							
1	Indoor Cleaners	20	20	800	२९,000	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष
2	Packer	60	0	800	२९,000							

कम्पनी : **M E S SECURITY SERVICES L.L.C.-BRANCH OF ABU DHABI 1**

पुर्व स्वीकृति मिति २०७९/०३/२३ | पुन विज्ञापन स्वीकृति मिति २०८१/०२/०६ | LT. No. 266794 | चलानी नं. ६०१८२७४०

सि. नं.	कामदारको पद	माग संख्या		मासिक तलव		ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक विदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
		पुरुष	महिला	AED	ने.रू.							
1	Security Guard	75	0	2000	७२,२१५	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष

कम्पनी : **MAWARID SERVICES COMPANY LLC**

पुर्व स्वीकृति मिति २०८०/०८/२४ | पुन विज्ञापन स्वीकृति मिति २०८१/०२/०६ | LT. No. 296251 | चलानी नं. ६०२११२७०

सि. नं.	कामदारको पद	माग संख्या		मासिक तलव		ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक विदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
		पुरुष	महिला	AED	ने.रू.							
1	Forestry Worker	143	0	800	२९,000	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष

कम्पनी : **ALABAAD ALKHAMSAH SECURITY SERVICES**

पुर्व स्वीकृति मिति २०८०/०४/२५ | पुन विज्ञापन स्वीकृति मिति २०८१/०२/०६ | LT. No. 290613 | चलानी नं. ६०२१३३२५

सि. नं.	कामदारको पद	माग संख्या		मासिक तलव		ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक विदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
		पुरुष	महिला	AED	ने.रू.							
1	Security Guard	49	17	1200	४३,३३०	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ जेठ १४ गते (27th May 2024) मा हुनेछ ।

स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने	रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन	स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने	हवाई टिकट कसले दिने र कति लाग्ने	भिषा शुल्क कसले दिने र कति लाग्ने	अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने	भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने
कामदार आफैं	दिने	कामदार आफैंले	हुने/रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रु.७००/- कामदार आफैंले	रोजगारदाता कम्पनीले

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Future Star Manpower Pvt. Ltd.

श्रम ईजाजत नं. ३९७/०६०/०६१

Samakhushi, Townplaning, Kathmandu, Nepal,
(Kathmandu) Phone : +977-1-4960576, 4950719, 9810101810, 9813916322
Contact for Branch Office Jhapa (Birtamode) :- 023-533784 ,981-7914275 , 9803498035
Contact for Branch Office Kaski (Pokhara) :- 061591417 / 061501418, 9819100814, 9824194594
E-mail : futurestarmp397@gmail.com, Website : www.futurestarmanpower.com

रूपशाला

नवीनको 'ऊनको स्विटर' जेठ २५ बाट छायांकनमा

फिल्म 'ऊनको स्विटर'को छायांकन जेठ २५ गतेबाट सुरू हुने भएको छ । अभिनेता विपिन कार्की र अभिनेत्री मिरूना मगरको मुख्य अभिनय रहने फिल्म नवीन चौहानले निर्देशन गर्न लागेका हुन् । निर्देशन चौहानले उपत्यका गोविन्द शाही र मोफसल वितरण कुवेर सिने डिस्ट्रिब्युसन प्रा.लि फाइनल भएसँगै छायांकन मिति पनि तय भएको जानकारी दिए । फिल्मको छायांकन २५ गतेबाट भए पनि सम्पूर्ण टिम १५ गतेबाटै छायांकन सेटमा पुग्नेछ । छायांकन तयारी लगायत विभिन्न कामका लागि १० दिन अगाडि नै युनिटलाई फ्लोरमा लैजान लागेको निर्देशक चौहानको भनाइ छ । फिल्म पाँचथरका विभिन्न स्थानमा खिचिनेछ । 'ऊनको स्विटर' निर्देशक चौहानको पहिलो फिचर फिल्म हो । फिल्मलाई आर्टमान्डूले निर्माण गर्नेछ ।

'पूजार सार्की' मा पलको नयाँ लुक्स सार्वजनिक

■ प्रभाव संवाददाता

काठमाडौं– फिल्म 'पूजार सार्की' मा अभिनेता पल शाहको नयाँ लुक्स सार्बजनिक गरिएको छ । फिल्ममा उनको जातीय विभेदविरुद्ध संघर्ष गर्ने पात्रको भूमिका निभाएका छन् । यसअघि सार्वजनिक बन्दुक बोकेको लुक्समा देखिएका पलको नयाँ लुक्समा फुलेको दाह्रीसहितको गेटअपमा देखिएका छन् ।

पलले सामाजिक सञ्जालमा सार्वजनिक गरेको तस्वीरमा उनको कपाल र दाह्री सेत्तै फुलेको छ । आँखामा चश्मा छ । शिरमा ढाका टोपी र स्टकोट लगाएका उनलाई प्रहरीहरूले समातेका छन् । टिजर र ट्रेलरमा जवान देखिएका उनलाई वृद्ध अवस्थामा पनि फिल्ममा देख्न सकिने यी तस्वीरहरूबाट बुझ्न सकिन्छ ।

पलले प्रहरीसँग मुठभेडको तस्वीर सार्वजनिक गर्दै लेखेका छन्, 'मेरो करिअरमा महत्त्वपूर्ण फिल्म 'पूजार सार्की' सावित हुनेमा ढुक्क छु । आज मैले फिल्ममा मेरो अभिनयबाट यो तस्वीर सार्वजनिक गरेको छु । यसबाट तपाईंले मेरो भूमिका कति गहन र अर्थपूर्ण छ भनेर अनुमान लगाउनु हुनेछ । यसअघि पनि तपाईंले मेरो चरित्र चित्रण हुने तस्वीरलाई लिएर देखाउनुभएको प्रेम अतुलनीय छ ।'

यही बिहीबार अर्थात् बुद्ध जयन्तीबाट सार्वजनिक प्रदर्शनमा आउन लागेको फिल्ममा पलका साथै आर्यन सिग्देल, प्रदीप खड्का, अञ्जना बराइली र परीक्षा लिम्बू पनि मुख्य भूमिकामा छन् । दिनेश राउतको निर्देशन तथा विकास सुवेदीको लेखन रहेको फिल्मलाई संगीतकार समेत रहेका सुभाष भुसालले निर्माण गरेका हुन् । सोमबारबाट फिल्मको मल्टीप्लेक्सहरूमा बुकिङ खुलिसकेको छ ।

मस्कटमा राजेशपायलको धमाका

■ प्रभाव संवाददाता

SPONSORS
RAI IS KING
RAJESH PAYAL RAI
आयोजक
नेपाल किरात समाज ओमान
Supported By: NRNSC

काठमाडौं– नेपाली सांगीतिक क्षेत्रका चर्चित गायक 'राई इज किङ'ले ओमनको मस्कटमा सांगीतिक धमाका मच्चाएका छन् । नेपाल किरात समाज, मस्कटले पहिलोपटक आयोजना गरेको सांगीतिक कार्यक्रममा लोकप्रिय राजेशपायललाई अतिथि कलाकार तथा अभिनन्दनका रूपमा निम्ताइएको हो ।

कार्यक्रममा राजेशपायलले आफ्ना नयाँ तथा पुराना गरी तीन दर्जनभन्दा बढी गीत गाएका थिए । स्टेज किङका रूपमा समेत चर्चित राजेशपायलको गीतमा हजारौं दर्शकले भरिपूर्ण मनोरञ्जन लिँदै सांगीतिक माहोलमा झुमेका थिए । राजेशपायलसँग झुमिरहँदा उनीहरूले करिब तीन घण्टा बितेको समेत पत्तै पाएनन् ।

नेपाली गायन क्षेत्रका एकमात्र 'मेगास्टार' राजेशपायल उपस्थित यस कार्यक्रमलाई आयोजकले साकेला (उभौली) को स्वागतका रूपमा लिइएको थियो ।

अभि नारायण र सन्तोष राईको उत्कृष्ट उद्घोषण रहेको कार्यक्रममा एनआरएनए मस्कटका पूर्वअध्यक्ष डिबी क्षेत्री र कुसल तराईले स्वागत मन्तव्य राखेका थिए । साथै, कार्यक्रममा नेपाली राजदूत दोर्ण अर्यालले शुभकामना मन्तव्य राखेका थिए ।

कार्यक्रममा विभिन्न कार्यको सिलसिलामा ओमन रहँदै आएका हजारौं नेपालीको सहभागिता रहेको थियो । राई र लिम्बूको संस्था नेपाल किरात समाजले मस्कटमा पहिलोपटक संयुक्त रूपमा सांगीतिक कार्यक्रम गरेको हो । यो कार्यक्रम सोचेभन्दा भव्य र सभ्य भएको आयोजकले जनाएको छ ।

बलिउड फिल्म रामायणको तयारी तीव्र

काठमाडौं– बलिउडमा नितेश तिवारीको निर्देशनमा बन्न लागेको बहुप्रतिक्षित चलचित्र रामायणको तयारी तिब्र रूपमा भइरहेको छ । चलचित्र रामायणलाई दुई छुट्टाछुट्टै भागमा बनाइने बताइएको छ भने दुवै भागको छायांकन एक वर्षमा एकैपटक सम्पन्न हुने बताइएको छ ।

फिल्म रामायणको निर्माण टिमका अनुसार नितिश तिवारीले रणवीर कपूर, यश, साई पल्लवी र सनी देओलसँग रामायणका दुई भागको सुटिङ सुरु गरिसकेका छन् । चलचित्रलाई ठूलो परिमाणमा देखाउन र राम्रोसँग प्रस्तुत गर्न निर्माताले यसलाई २ भागमा बनाउने निर्णय गरेका छन् । चलचित्र उद्योगमा अधिकांश चलचित्रकर्मी पहिलो भागको नतिजा देखेपछि दोस्रो भागको तयारीमा लागे पनि रामायणको दुवै भाग एकैसाथ छायांकन हुनेछ । यसअघि यो फिल्म ३ पार्टमा बन्ने भएको थियो ।

टोलीले रामायणका दुवै भागको छायांकनका लागि ३५० दिनको छायांकन तालिका बनाएको छ जसमा विस्तारित स्टार कास्टको एकल दृश्य पनि समावेश हुनेछ । दुवै भाग एक वर्षको अन्तरालमा रिलिज हुनेछन् । फिल्म रामायणको प्रिन्सिपल छायांकन आउँदो डिसेम्बरसम्ममा सक्ने गरी फिल्मको पोस्ट प्रोडक्सनको काम सुरु हुने बताइएको छ । चलचित्र रामायणमा कलाकारहरूको लुक्सको निरन्तरता कायम राख्न दुवै पार्टको एकैसाथ छायांकन गर्ने निर्णय गरिएको छ ।

नितिश तिवारीको निर्देशनमा बन्न लागेको रामायणमा रणवीर कपूर भगवान श्रीरामको भूमिकामा देखिने भएका छन् । यो भूमिकाका लागि रणवीरले कडा तालिम लिइरहेका छन् । उनीसँगै साउथकी चर्चित अभिनेत्री साई पल्लवी माता सीताको भूमिकामा देखिनेछिन् । फिल्ममा सनी देओल हनुमानको भूमिकामा देखिनेछन् भने अभिनेत्री लारा दत्त कैकेयीको भूमिकामा देखिनेछन् । त्यस्तै रावणको भूमिका अभिनेता यशले निभाउने बताइएको छ । *एजेन्सी*



रंगशाला

भक्तपुरको बेखालमा टेबुल टेनिस कभर्ड हल निर्माण

भक्तपुर नगरपालिका
टेबल टेनिस कभर्ड हल
उद्घाटन समारोह

■ प्रभाव संवाददाता

भक्तपुर– भक्तपुरको बेखालमा राष्टिय प्रतियोगिता आयोजना मिल्ने क्षमताको भव्य टेबुल टेनिस कभर्ड हल निर्माण सम्पन्न भएको छ । भक्तपुर नगरपालिका वडा नं १० बेखाल (नगरकोट जाने सडक खण्ड) मा एक सय ५० दर्शक अट्नसक्ने भव्य कभर्ड हल निर्माण सम्पन्न गरी सञ्चालनमा ल्याइएको हो ।

कभर्ड हल साढे तीन तल्लाको छ । कभर्ड हल पार्किंगसहितको भव्य छ । झण्डै तीन करोड ४४ लाख बराबरको खर्चमा भक्तपुर नगरपालिकाले कभर्ड हल निर्माण गरेको हो । कभर्ड हल त्यहाँको तीन हजार सात सय दुई वर्ग फिटको पर्ति (सार्वजनिक) जग्गामा बनाइएको हो ।

झण्डै तीन वर्ष भन्दा लामो समयदेखि भबन बन्न सकेको हो । कभर्ड हल निर्माणको सुरुवात २०७७ साल पुस २० गतेबाट सुरु भएको थियो । भव्य कभर्ड हलको संघीय सांसद् प्रेम सुवालले उद्घाटन गरेका थिए ।

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले भक्तपुरमा हाल कमलविनायक, लिवाली र बेखालमा गरी तीन वटा कभर्ड हल संचालनमा आएका छन् । तेश्रो र भव्य कभर्ड हलको रूपमा पछिल्लो बेखालको कभर्ड हल रहेको उनले जनाए । नगरपालिकाले खेलकुदलाई विशेष प्राथमिकता दिँदै आएको भन्दै उनले यही कारण राष्ट्रिय तथा अन्तर ाष्ट्रिय खेलाडीहरू उत्पादन गर्न सफल भएको बताए । खेलाडीको मनोवल बढाउन हरेक वर्ष खेलाडी तथा प्रशिक्षकहरू सम्मान गर्दै आएको पनि उनले स्मरण गरे ।

भक्तपुर नगरपालिकाकी उपप्रमुख रजनी जोशीले भक्तपुर नगरपालिकाले निर्वाचन घोषणापत्र अनुसार खेलकुद क्षेत्रलाई प्राथमिकता दिँदै कार्य गरिरहेको बताइन् । उनले नगरपालिकाले विश्व अपा•ता दिवसको अवसरमा अपा•ता भएका व्यक्तिहरूबीच नियमित रूपमा खेलकुद प्रतियोगिताहरू सञ्चालन गरिरहेको पनि सम्झिन् ।

उदघाटन कार्यक्रममा बागमती प्रदेश सभाका सांसद सृजना सैंजु, राष्ट्रिय खेलकुद परिषद्का वरिष्ठ प्रशिक्षक राजेन्द्र कपाली, अखिल नेपाल टेबुलटेनिस संघका अध्यक्ष चतुरानन्द वैद्य, भक्तपुर जिल्ला भलिबल संघका अध्यक्ष विनोदचरण राय, वडा नं. १ का वडाध्यक्ष एवं युवा तथा खेलकुद समितिका संयोजक श्यामकृष्ण खत्री, भक्तपुर नगरपालिका वडा नं. ९ का वडाध्यक्ष रबीन्द्र ज्याख्व, वडा नं. १० का वडाध्यक्ष लक्ष्मीप्रसाद ह्यौंमिखा, नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत बसन्त भट्टराईलगायतले नगरपालिकाले शिक्षा, स्वास्थ्यसँगै खेलकुदलाई पनि प्राथमिकतामा राख्दै आएको चर्चा गरे ।

सरकार र खेलकुद परिषद्ले गर्नुपर्ने कामलाई नगरपालिकाले अगाडि बढाइरहेको चर्चा पनि उनीहरूले गरे । हाल कभर्ड हललाई राष्ट्रिय प्रशिक्षण केन्द्रको रूपमा विकास गर्न सकिने उनीहरूले बताए ।

सन्दीपलाई अमेरिका पठाउन क्यानले थाल्यो प्रक्रिया

■ प्रभाव संवाददाता

काठमाडौं– नेपाल क्रिकेट संघ (क्यान)ले सन्दीप लामिछानेलाई विश्वकप क्रिकेट प्रतियोगिता खेल्न अमेरिका पठाउने प्रक्रिया अगाडि बढाएको छ ।

मंगलबार क्यानका सचिव पारस खड्काले विज्ञप्ति जारी गर्दै सन्दीपको अमेरिका जाने भिसाको प्रक्रिया अगाडि बढाइएको बताएका छन् ।

उनका अनुसार सन्दीपलाई प्रतियोगितामा सहभागी हुन पठाउने सन्दर्भमा क्यानले आईसीसीसँग पहल गरिरहेको छ ।

विज्ञप्तिमा भनिएको छ, 'राष्ट्रिय क्रिकेट खेलाडी सन्दीप लामिछानेलाई विश्वकप क्रिकेट प्रतियोगितामा सहभागी हुन पठाउने सन्दर्भमा यस संघबाट गम्भीरताका साथ अन्तर्राष्ट्रि क्रिकेट काउन्सिललगायत सम्बन्धित निकायहरूमा पहल भइरहेको र संयुक्त राज्य अमेरिकाको भिसाको प्रक्रिया अगाडि बढाइएको ब्यहोरा जानकारी गराउँदै यस संघबाट निजको विश्वकप क्रिकेट प्रतियोगितामा सहभागिता सम्बन्धी सबै आवश्यक प्रक्रिया अगाडि बढाई सकिएको ब्यहोरा समेत अवगत गराउन चाहन्छु ।'

KELME
NEPAL

जर्मनीमा काठमाडौं किकर्स च्याम्पियन

■ प्रभाव संवाददाता

काठमाडौं– नेपालको काठमाडौं किकर्स फुटबल एकेडेमीले जर्मनीको म्युनिखस्थित मोम्मेन्डोर्फमा आयोजित चर्चित युथ लिग भीआर बैंक कपमा यू-१४ तर्फको उपाधि जितेको छ । सोमबार सम्पन्न प्रतियोगितामा आफ्नो अपराजित यात्रा कायम गर्दै किकर्सको यू-१४ टोली च्याम्पियन बनेको हो ।

राउण्ड रोविन लिग र फाइनल चरणका गरि १३ खेल खेलेको किकर्सले ९ खेलमा जित र चार खेलमा बराबरीको नतिजा निकाल्दै ३१ अंक जोड्यो । किकर्सको यस समूहमा जर्मनीको विभिन्न एकेडेमीका अन्य ९ टोली सहभागी थिए ।

टोलीले अन्तिम दिनको खेलमा चारमध्ये तीनमा जित र एकमा बराबरीको नतिजा निकाल्दै उपाधि सुनिश्चित गरेको हो । टोलीले आफ्नो अन्तिम खेलमा एसभी सिलेन्बाकलाई २-० गोल अन्तरले पराजित गर्‍यो ।

टोलीको यो महत्वपूर्ण जितमा आर्यवीर सिंह एक्लैले दुई गोल गरे । आर्यवीर आफ्नो समूहमा सर्वाधिक गोलकर्ता समेत बने । उनले प्रतियोगिता अवधिभर आठ गोल गरे ।

नेपाली टोलीलाई जर्मनीको राष्ट्रिय फुटबल टोलीका पूर्वखेलाडी एवं बुन्डेस लिगा क्लब स्टुटगार्टका पूर्वकप्तान थोमस हिल्सपर्गरले पुरस्कार वितरण गरेका थिए । विश्वकप समेत खेलिसकेका हिल्सपर्गरले नेपाली खेलाडीहरूसँग समेत केही समय बिताएका थिए ।

तीन दिनसम्म सञ्चालन भएको यस प्रतियोगिताबाट नेपाली खेलाडीहरूले महत्त्वपूर्ण अनुभव लिने अवसर पाएको किकर्सका अध्यक्ष नवीन पाण्डेले बताए ।

'हाम्रो उद्देश्य नेपाली खेलाडीहरूलाई पनि जर्मनीको जस्तो विकसित फुटबल संस्कृतिको अनुभव गराऔं, उनीहरूलाई पनि यो स्तरको फुटबल खेल्ने अवसर दिऔं भन्ने हो,' अध्यक्ष पाण्डे भन्छन्, 'मलाई विश्वास छ की नेपाली खेलाडीहरूले जर्मनीको यो प्रतियोगिताबाट त्यो अवसर पाएका छन् । हाम्रो यो उद्देश्यलाई साथ दिने खेलाडीका अभिभावक र सहयोगी सबैलाई धन्यवाद दिन चाहन्छु ।'

मोम्मेन्डोर्फ फुटबल क्लबले हरेक वर्ष आयोजना गर्दै आइरहेको यस प्रतियोगिताको यो ५५औं संस्करण हो । प्रतियोगितामा विभिन्न उमेर समूहमा गरी ७६ टोली र २० क्लबका गरी १२ सयभन्दा बढी खेलाडीले भाग लिएका थिए ।

राष्ट्रपति रायसीको अन्त्येष्टि बिहीबार हुने

नयाँ राष्ट्रपति चुन्न २८ जुनमा निर्वाचन

हेलिकप्टर दुर्घटनामा परी मृत्यु भएका इरानी राष्ट्रपति इब्राहिम रायसी र विदेशमन्त्री होसेन अमिर-अब्दुल्लाहियानप्रति श्रद्धाञ्जली अर्पण गर्न मध्य तेहरानको भलियासर स्क्वायरमा भेला भएका इरानीहरू। *तस्बिरः एएफपी*

तेहरान (इरान)– हेलिकप्टर दुर्घटनामा मारिएका दिवंगत इरानी राष्ट्रपति इब्राहिम रायसीको अन्त्येष्टि समारोह मंगलबारदेखि सुरु भएको छ। राज्य सञ्चालित नेटवर्क प्रेस टिभीको फुटेजमा हेलिकप्टर दुर्घटनास्थल उत्तरपश्चिमी सहर तब्रिजमा राष्ट्रपति रायसी र उनका साथीहरूको अन्त्येष्टि ज्यालीमा सहभागी हुनेको ठूलो भीड रहेको देखाइएको छ।

राष्ट्रपति रायसीको अन्त्येष्टि मे २३ (बिहीबार) मा देशको उत्तरपूर्वी सहर मशहादमा हुने उपराष्ट्रपति मोहसेन मन्सुरीले घोषणा गरे। इमाम रेजाको समाधिमा बिहीबार साँझ अन्तिम संस्कार गरिने उनले बताए। मुख्य तीर्थस्थलमध्ये एक इमाम रेजा राष्ट्रपति रायसीको गृहनगर मशहदमा अवस्थित छ। मृतकका शव पवित्र सहर कोमको पवित्र तीर्थस्थलबाट जमकरन मस्जिदमा पठाइने छ, त्यसपछि राजधानी तेहरान लगिने छ।

तेहरानको ग्रान्ड मोसल्लाह मस्जिदमा आज बुधबार ठूलो समारोह आयोजना गरिएको छ। त्यसपछि राष्ट्रपति रायसीको पार्थिव शरीरलाई मशहदको ऐतिहासिक इमाम रेजा मन्दिरमा सारिने छ जहाँ इरानका सर्वोच्च नेता आयातोल्लाह खमेनीले प्रार्थना गर्ने छन्। खमेनीले सोमबार पाँच दिनको शोकको घोषणा गरेका हुन् र देशभरका कार्यालय बन्द गरी सार्वजनिक बिदाको घोषणा गरिएको छ।

इरानले जुन २८ मा राष्ट्रपति रायसीको उत्तराधिकारीका रूपमा नयाँ राष्ट्रपति चयन गर्ने सरकारी मिडियाले जनाएको छ। न्यायपालिका, सरकार र संसद्का प्रमुखको बैठकको निर्णयले राष्ट्रपति रायसीको उत्तराधिकारी चयनका लागि मतदान गर्ने निर्णय गरेको हो। उम्मेदवारी दर्ता मे ३० देखि जुन ३ सम्म हुने र चुनावी अभियान अवधि जुन १२ देखि २७ सम्म हुने राज्य सञ्चालित समाचार एजेन्सी इरनाले मंगलबार जानकारी गराएको छ।

साथै, हेलिकप्टर दुर्घटनाको अनुसन्धान सुरु भएको छ। इरानी सशस्त्र बलका चिफ अफ स्टाफ मेजर जनरल मोहम्मद बघेरीले मुद्दाको अनुसन्धान गर्न उच्चस्तरीय प्रतिनिधिमण्डल नियुक्त गरेको सरकारी मिडियाले जनाएको छ। ब्रिगेडियर अली अब्दुल्लाहीको नेतृत्वमा प्रतिनिधिमण्डललाई घटनास्थलमा पठाइएको, अनुसन्धान सुरु भइसकेको र मिसन पूरा भएपछि अनुसन्धानको नतिजा घोषणा गरिने इरनाले जनाएको छ। इरानको संविधानअनुसार सर्वोच्च नेता आयातोल्लाह खामेनीले इरानका प्रथम उपराष्ट्रपति मोहम्मद मोखबरलाई देशको कार्यवाहक राष्ट्रपतिको रूपमा नियुक्त गरेका छ।

मे १९ मा उत्तरपश्चिमी इरानको दुर्गम क्षेत्रमा हेलिकप्टर दुर्घटना हुँदा ६३ वर्षीया राष्ट्रपति रायसी, विदेशमन्त्री हुसेन अमिराबदोल्लाहियान र अन्य सात जनाको मृत्यु भएको थियो। इरानमा सन् २०२५ मा राष्ट्रपतीय निर्वाचन हुने तय भएको थियो। उपराष्ट्रपति मोहम्मद मोखबरलाई अन्तरिम जिम्मेवारीमा नियुक्त गरिएको छ र इरानको मन्त्रिपरिषद्ले उपविदेशमन्त्री अली बघेरी कानीलाई कार्यवाहक विदेशमन्त्रीको रूपमा नियुक्त गरेको छ। *रासस/एएनआई*

मण्डनदेउपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
महादेवस्थान, काभ्रे
बागमती प्रदेश, नेपाल
फोन नं. ०११४१२११४

क्याटलग सपिङ्गको माध्यम मार्फत सवारी साधन खरिद सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति २०८१।०२।०९)

यस नगरपालिकाको लागि आवश्यक देहाय बमोजिमका सवारी साधन सार्वजनिक खरिद ऐन २०६३ को दफा ८ को उपदफा १(क) (८) तथा सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१(ख) बमोजिम क्याटलग सपिङ विधिबाट खरिद गर्नुपर्ने भएकोले मौजुदा सूचि तयार गर्ने प्रयोजनको लागि इच्छुक कम्पनी वा त्यसको अधिकृत/आधिकारिक बिक्रेताहरुलाई मिति २०८१/०२/१६ गते दिनको १२:०० बजे भित्र सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१(ख) को उपनियम २ बमोजिम सवारी साधनको उत्पादकको आधिकारिक स्पेशिफिकेशन, गुणस्तर र कम्पनीको आधिकारिक मूल्य खुल्ने कागजात (क्याटलग वा ब्रोसर) संलग्न राखि तपसिलमा उल्लेख भए बमोजिमको प्रस्ताव यस कार्यालयमा दर्ता गराउनु हुन यो सूचना प्रकाशित गरिएको छ।

१. देहाय बमोजिमका सवारी साधनः

क्र.सं	साधनको नाम	संक्षिप्त विवरण	कैफियत
१	Single Cab Pickup, 4WD	Single cab Pickup Right Hand Drive Model With 4WD, Gross Weight not less than 2600 kg, Seating Capacity at least 2 persons including driver, Water Cooled Diesel Engine, Engine Capacity Minimum 2500 CC.Power Output not less than 60 Hp and Torque not less than 185 N-m at rated RPM.	संक्षिप्त विवरणमा उल्लेख नभएका कुराहरु स्वीकृत, Technical Specification बमोजिम हुनेछ। Technical Specification को लागि कार्यालयमा सम्पर्क गर्न सकिने छ।

२. प्रस्ताव पेश गर्न इच्छुक सवारी साधन उत्पादक कम्पनी वा सो को आधिकारिक बिक्रेताले प्रस्ताव साथ उक्त सवारी साधन बिक्री गर्न सम्बन्धित निकायबाट प्राप्त भएको अनुमती पत्र, सो को अद्यावधिक नविकरण पत्र, स्थायी लेखा नम्बर (Pan तथा मूल्य अभिवृद्धि करदर्ता प्रमाणपत्र, आ.व. २०७९/८० सम्मको करचुक्ता प्रमाणपत्र, सम्बन्धित कार्य अनुभवको प्रमाणपत्र सहितका कागजात पेश गर्नुपर्नेछ।

३. मिति २०८१/०२/१६ गते दिनको १२:०० बजेसम्म यस कार्यालयमा सिलबन्दी प्रस्ताव दर्ता गराउन सकिनेछ। दर्ता गरिएका सिलबन्दी प्रस्तावहरु सोहि दिन १४:०० बजे खोलिनेछ।

४. पेश गर्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा बिदा पछिको कार्यालय खुलेको दिन पेश गर्न सकिनेछ।

५. यस कार्यालयबाट स्विकृत सवारी साधनको विस्तृत प्राविधिक स्पेशिफिकेशन यस कार्यालय वा यस कार्यालयको वेबसाइट।

सुन्दरहरैँचा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
विराटचौक, मोरङ
कोशी प्रदेश, नेपाल

दरखास्त आह्वानको सूचना !

प्रकाशित मिति : २०८१/०२/०९

नेपाल शहरी शासकीय तथा पूर्वाधार आयोजना मार्फत् सुन्दरहरैँचा नगरपालिकामा सञ्चालित आयोजना तथा आवश्यकताअनुसार कार्यालयको अन्य कार्यका लागि आवश्यक तपसिलको पदमा सेवा करारबाट पदपूर्ति गर्नुपर्ने भएकोले तोकिएको योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्रमा कार्यालयबाट दरखास्त लिई तोकिएको समयभित्र दरखास्त दिनुहुन यो सूचना प्रकाशित गरिएको छ।

तपशिल :

क्र.सं.	विज्ञापन नं.	पद	माग पद संख्या	सेवा सुविधा
१	६-२०८०।०८१	विज्ञ इन्जिनियर	१	नेपाल सरकार सडक विभागले स्वीकृत गरेको विशेषज्ञ सेवा बापतको सेवा सुविधा

क. आवश्यक न्यूनतम शैक्षिक योग्यता र अनुभव

1. Master's degree in Highway/Transportation Engineering/Structural Engineering with a bachelor's degree in Civil Engineering.
2. Experience in planning, designing, project management construction supervision of roads/highway & storm water drainage or other infrastructure projects.
3. Familiar with the World Bank's 'Guidelines: Procurement of Goods Works and Non-Consulting Services is essential.
4. Experience in bilateral or multilateral or development partner funded projects such as World Bank, ADB etc.
5. Strong leadership, analytical, communications, interpersonal and project management skills.
6. Proven track record in planning and designing municipal roads infrastructure for urban cities.
7. Minimum General experience - Seven Years.
8. Minimum Sepecific experience-Five Years

ख. परीक्षाको किसिमः मौखिक अन्तरवार्ता
ग. परिक्षा केन्द्रः सुन्दरहरैँचा नगरपालिकाको कार्यालय, विराटचोक मोरङ
घ. दरखास्त दस्तुरः रु १०००/-
ङ. दरखास्त साथ पेश गर्नुपर्ने कागजातहरुः- नागरिकताको फोटोकपी, शैक्षिक योग्यताको प्रमाणपत्रहरुको फोटोकपी, अनुभवको प्रमाणपत्र।
च. दरखास्त पेश गर्ने स्थानः सुन्दरहरैँचा नगरपालिकाको कार्यालय, विराटचोक मोरङ
छ. दरखास्त दिने अन्तिम मितिः २०८१।०२।२३ गते सम्म कार्यालय समय भित्र (सो दिन विदा भएमा कार्यालय खुलेको अर्को दिन)
ज. करार अवधिः- आयोजना सञ्चालन अवधिसम्म।
झ. परीक्षा मितिः- पछि प्रकाशन गरिनेछ।

नोटः तोकिएको योग्यता नपुगेको उम्मेद्वारको दरखास्त फारम स्वीकृत हुनेछैन। दरखास्त फारम र सूचना एवं थप जानकारीका लागि प्रशासन शाखामा सम्पर्क गर्नुपर्नेछ।

प्रमुख प्रशासकीय अधिकृत

हार्दिक श्रद्धाञ्जली

जन्मः
२०२१/०२/०१

स्वार्गारोहणः
२०८१/०१/३०

स्व. प्रदिता राजकर्णिकार

मिडिया एलाइन्स नेपाल एवम् एभिन्यूज टेलिभिजनका
अध्यक्ष भाष्करराज राजकर्णिकारकी धर्मपत्नी
स्व. प्रदिता राजकर्णिकारको
अल्पायुमै असामयिक निधन भएको १३औं दिनको पुण्य तिथीमा
शोकसन्तप्त परिवाजनप्रति धैर्यधारण गर्ने शक्ति मिलोस् भन्ने प्रार्थना गर्दै
दिवंगत आत्माप्रति हार्दिक श्रद्धाञ्जलि अर्पण गर्दछौं।

कृष्ण कार्की
प्रबन्ध निर्देशक
एवम्
प्रभाव पब्लिकेसन प्रा.लि.
परिवार

वर्गीकृत विज्ञापन संकलन काउन्टर

पशुपति विज्ञापन सेवा - सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५। स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८/९८४२६३५८१५। लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१। ध्रुवको पसल- डिल्लीबजार, फोन नं. ४४३९२०१। Reachmond Books Shop (रोहित दाहाल) - फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट। Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217। दन्तकाली स्टेसनरी - नयाँबसपार्क फोन नं. ९८१३९६०७४६। सारीका स्टेसनरी पसल - फोन नं. ९८५११२९६८६। ज्ञाञ्जयोति पुस्तक पसल बागबजार, फोन नं. ४२४००६०। विश्व स्वतन्त्र सञ्चार- सुन्धारा, फोन नं. ४२१९४१२। निशा बुक्स एण्ड स्टेसनरी - लगनखेल, ५५३१९५७, ९८४१६२७४८९। वीडलिंक मिडिया प्रा.लि. - पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४। हिमचुली स्टेसनरी- बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३। मलः स्टेसनरी- गट्ठाघर ठिमी, फोन नं. ६६३०७५७। B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी-विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर- कलंकी चोक फोनः ०१-४२७६५३०, फ्याक्सः०१-४२७१३२२। दाजुभाइ स्टेसनरी - पिंगलास्थान, गौशाला, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेसनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफचाक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेसनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४।

प्रभाव दैनिक
National Daily

अर्थ बजार

आजको मूल्य

छापावाला सुन	तेजाबी सुन	चाँदी
प्रति तोला - १४१८००	प्रति तोला - १४११००	प्रति तोला - १९४०

भेरी-बबई डाइभर्सन | सुर्खेतको भेरीगंगा-११ चिप्लेमा निर्माणाधीन भेरी बबई डाइभर्सन बहुउद्देश्यीय आयोजनाको ड्याम। ३३ अर्ब १९ करोड ६६ लाखमा निर्माण भइरहेको राष्ट्रिय गौरवको यो आयोजनाको ६५ प्रतिशत काम सम्पन्न भएको छ। *तस्बिरः सुरेश आचार्य/रासस*

वीरगञ्जमा ४० करोड राजस्व संकलन

■ **प्रभाव संवाददाता**

वीरगञ्ज (पर्सा)– वीरगञ्ज महानगरपालिकाले चालु आर्थिक वर्षको १० महिनामा रु ३९ करोड ८० लाख ३४ हजार एक सय १९ रकम राजस्व संकलन गरेको छ।

महानगरले गत आवको १० महिनाको तुलनामा चालु आवको सोही अवधिमा रु तीन करोड १८ लाख ९८ हजार २९ रकम बढी संकलन गरेको हो। महानगरले गत आवको १० महिनामा रु ३६ करोड ६१ लाख ३६ हजार ९० राजस्व संकलन गरेको थियो।

वीरगञ्ज महानगरपालिका राजस्व महाशाखा प्रमुख मनोज कर्णले चालु आवको बजेट पुसमा संशोधन गर्दै रु ७० करोड राजस्व संकलन गर्ने लक्ष्य भए तापनि हालसम्म रु ४० करोडको हाराहारीमा मात्रै राजस्व संकलन भएको जानकारी दिए। 'आर्थिक मन्दीका कारण वीरगञ्जमा व्यापार घटेको छ, यसको राजस्व संकलनमा प्रत्यक्ष असर परेको छ' उनले भने।

महानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत मातृका भट्टराई चालु आर्थिक वर्षमा मालपोत कर रु ५० करोड रकम संकलन गर्ने लक्ष्य रहेकामा त्यो प्राप्त गर्न कठिन हुने बताए। 'यो वर्ष घरजग्गा कारोबारमा ठूलो मन्दी आएकाले रु १३ करोड ९३ लाख ६२ हजार मात्रै सम्पत्ति कर(मालपोत) कर उठेको छ,' उनले भने, 'आन्तरिक राजस्व अपेक्षाकृत रूपमा संकलन नहुँदा स्रोत जुटाउन दबाब बढेको छ।'

महानगरले २४ शीर्षककमा आन्तरिक राजस्व वापत आम्दानी गर्दै आइरहेको छ। महानगरले यस वर्ष घरबहाल कर बापत रु चार करोड ९६ लाख ७५ हजार आम्दानी गरेको छभने पूर्वाधार सेवाको उपयोगमा लाग्ने कर बापत भने रु दुई करोड सात लाख ९२ हजार संकलन गरेको छ।

महानगरले बहाल करतर्फ रु तीन करोड २६ लाख ४४ हजार तथा अन्य सेवा शुल्कबापत रु दुई करोड ४१ लख ४३ हजार, नक्सापास दस्तुर रु दुई करोड ९२ लाख ४ हजार उठाएको छ। गत आवमा रु ५७ करोड एक लाख ७३ हजार दुई सय एक राजस्व संकलन भएको थियो।

राहुघाट जलविद्युत्को प्रेसर साफ्टको 'ब्रेक थ्रु'

■ **प्रभाव संवाददाता**

म्याग्दी– नेपाल विद्युत प्राधिकरणको सहायक कम्पनी रघुगंगा हाइड्रोपावरद्वारा म्याग्दीको रघुगंगा गाउँपालिकामा निर्माणाधीन ४० मेगावाट क्षमताको राहुघाट जलविद्युत् आयोजनाको 'प्रेसर साफ्ट' को 'ब्रेक थ्रु' भएको छ।

रघुगंगा गाउँपालिका-३ पिप्लेस्थित मुख्य सुरुङको आउटलेट (अन्तिम विन्दु) देखि तिल्केनी चौरमा निर्माणाधीन विद्युत्गृहमा पानी खसाल्ने पाइप लाइन राख्ने सुरुङ मंगलबार दिउँसो जोडिएको हो। आयोजनाका व्यवस्थापक राजबहादुर विष्टले एक हजार ४९ मिटर लामो प्रेसर साफ्ट जोडिएको जानकारी दिए।

'अडित २ र ३ को सुरुङ, ३२९ मिटर वटम र १९६ मिटर लामो भर्टिकल प्रेसर साफ्ट यसअघिनै जोडिएको थियो', उनले भने, 'यस आयोजना निर्माणका लागि प्रेसर साफ्टको ब्रेक थ्रु हुनुलाई अर्को महत्वपूर्ण उपलब्धि मानेका छौं।' मुख्य सुरुङबाट आउने पानीलाई विद्युत्गृहमा लैजाने पाइप लाइन राख्नका लागि प्रेसर साफ्ट बनाइएको हो। सुरुङ जोडिएपछि प्रेसर साफ्टमा पाइपलाइन जडानको काम गर्ने राहुघाटको सिभिल ठेकेदार जयप्रकाश एसोसियट्सले जनाएको छ।

पिप्लेमा ६१ मिटर गहिरो सर्च साफ्ट निर्माण सकिएको छ। छ हजार दुई सय ७० मिटर लामो सुरुङमध्ये अडित १ र २ जोड्ने एक सय २५ मिटर मात्र खन्न बाँकी रहेको रघुगंगा हाइड्रोपावरका प्रबन्ध सञ्चालक गणेश केसीले बताए। दोस्रो र तेस्रो अडिट जोड्ने तीन हजार आठ सय ३६ मिटर लामो सुरुङ गत फागुन १० गते जोडिएको थियो।

आयोजनाको सिभिलतर्फको समग्रमा भौतिक प्रगति ५७ प्रतिशत छ। भारतीय आयात निर्यात (एक्जिम) बैंकको ६७ मिलियन अमेरिकी डलर सहुलियतपूर्ण ऋण तथा प्राधिकरण र नेपाल सरकारको संयुक्त लगानीमा निर्माण भइरहेको आयोजनाको सिभिल ठेकेदार जयप्रकाश एसोसियट्स (जेपी)सँग २०७४ मङ्सिरमा ठेक्का सम्झौता भएको थियो।

ठेक्काको ४५ महिनाको अवधिमा कोरोना महामारी, बाढी र पहिरोका कारण काम सम्पन्न हुन नसकेपछि ३० महिना म्याद थपिएको छ। विसं २०७६ कात्तिकमा ठेक्का सम्झौता गरेको इलेक्ट्रिकल ठेकेदार भारत हेभी इलेक्ट्रिकल्स लिमिटेड (भेल)ले भारतमा निर्माण गरेका उपकरणको परीक्षण गरी आयातको प्रक्रिया अघि बढाइएको छ। इलेक्ट्रोमेकानिकलतर्फको भौतिक प्रगति २२ प्रतिशत छ।

रघुगंगा गाउँपालिकाको वडा नम्बर ४ दग्नाम र ५ नम्बर वडा झिँको सिमानामा १७ मिटर अग्लो र ३१ मिटर लामो अर्धजलाशययुक्त (पिआरओआर) प्रविधिको बाँध र तिल्केनीचौरमा विद्युत्गृहको संरचना निर्माण तीव्रताका साथ भइरहेको छ। घुमाउनेतालदेखि ११ किलोमिटर पहुँचमार्ग र एक वटा ट्रस प्रविधिको मोटर चल्ने पुल निर्माण गरी विद्युत्गृह र बाँधलाई सीधा सडकले जोडिएको छ। कमजोर आर्थिक अवस्थाका कारण २०७२ मा पुरानो ठेकेदार आइभिआरसिएलसँगको ठेक्का तोडेर कम्पनीको अवधारणा र इन्जिनियरिङ प्रक्युमेन्ट एन्ड कन्ट्रयाक्ट (इपिसी) प्रारूपमा राहुघाट जलविद्युत् आयोजना निर्माण अघि बढाइएको थियो।

कर्पोरेट

ज्योति विकास बैंकद्वारा पाँच स्वास्थ्यचौकीलाई बेबी वार्मर प्रदान

काठमाडौं (प्रस)– ज्योति विकास बैंकले देशका दुर्गम तथा ग्रामीण क्षेत्रमा जीवनरक्षक चिकित्सा उपकरणको आवश्यकतालाई ध्यानमा राखी कर्णाली प्रदेशका ५ विभिन्न स्वास्थ्य चौकीहरूमा नवजात शिशुको शारीरिक तापक्रम उचित राख्न र शिशुलाई हाइपोथर्मिया (अल्पताप) हुनबाट जोगाउन प्रयोग हुने बेबी वार्मर (न्यानो नानी) मेसिन प्रदान गरेको छ। यस अन्तर्गत बैंकले जुम्ला, कालीकोट, मुगु र दैलेख जिल्लास्थित स्वास्थ्य चौकी तथा बर्थिङ सेन्टरलाई उक्त उपकरण उपलब्ध गराएको छ।

हाइपोथर्मियाको कारण नवजात शिशुको अकालमा मृत्यु हुन नदिन र जीवनरक्षा गर्न विभिन्न स्वास्थ्य चौकीहरूमा बैंकले उक्त मेसिन जडान गरेको हो। हालसम्म विभिन्न चरण गरी देशका विभिन्न ठाउँमा ४३ वटा बेवी वार्मर प्रदान गरेको बैंकले यस चरणमा भौगोलिक रूपले विकट क्षेत्रहरूमा उक्त उपकरण जडान गरेको छ। विशेष गरी दुर्गम क्षेत्रमा हाइपोथर्मियाको दर उच्च रहेको र सो को कारण नवजात शिशुहरूको जीवन जोखिममा पर्ने गरेको दृष्टान्तलाई हृदयंगम गर्दै उक्त जोखिमलाई न्यूनीकरण गर्ने अत्यन्त संवेदनशील र महत्वपूर्ण उपकरण उक्त स्वास्थ्य संस्थाहरूमा प्रदान गरिएको बैंकले जनाएको छ।

मेसिनहरू जडान पश्चात् जुम्ला जिल्लाको कनकासुन्दरी गाउँपालिका वडा नं. ०३ स्थित विराट स्वास्थ्य चौकी, कालीकोट जिल्लाको तिलागुफा नगरपालिका वडा नं. ०९ स्थित स्वास्थ्य चौकी-चिल्खाया, मुगु जिल्लाको छाँयानाथ रारा नगरपालिका अन्तर्गतको गुम स्वास्थ्य चौकी, दैलेख जिल्लाको डुंगेश्वर गाउँपालिका वडा नं. ०२ स्थित लाँकुरी स्वास्थ्य चौकी र डुंगेश्वर गाउँपालिका वडा नं. ०४, अवलपराजुलस्थित डुंगेश्वर आधारभूत स्वास्थ्य तथा सरसफाई सेवा केन्द्रको बर्थिङ सेन्टरमा प्रसूति सेवा लिन आउने प्रत्यक्ष रूपमा लाभान्वित भएका छन्।

महालक्ष्मी विकास बैंकद्वारा लक्ष्मणबाबु श्रेष्ठ छात्रवृत्ति प्रदान

काठमाडौं (प्रस)– महालक्ष्मी विकास बैंकले ३० औं वार्षिकोत्सवको अवसर पारेर नन्दी माध्यामिक विद्यालय नक्साल, काठमाडौंमा अध्ययनरत छात्र सन्तोष कुमार मण्डललाई कक्षा दश अध्ययनका लागि स्वर्गीय लक्ष्मण बाबु श्रेष्ठ जेहेन्दार छात्रवृत्ति प्रदान गरेको छ। विभिन्न सातवटा वित्तीय संस्था मिलेर बनेको महालक्ष्मी विकास बैंकको एक महत्वपूर्ण संस्था तत्कालिन मनकामना विकास बैंकका संस्थापक अध्यक्ष स्व. लक्ष्मण बाबु श्रेष्ठको स्मृतिमा स्थापित स्वर्गीय लक्ष्मण बाबु श्रेष्ठ जेहेन्दार छात्रवृत्ति स्वर्गीय लक्ष्मण बाबु श्रेष्ठका छोरा तथा मनकामना दर्शन प्रा.लि. का निर्देशक राजेश बाबु क्षेष्ठले विद्यालयका पदाधिकारीहरू र बैंक व्यवस्थापनको रोहबरमा छात्र मण्डललाई हस्तान्तरण गरेका हुन्।

कार्यक्रममा बोल्दै श्रेष्ठले नेपालमै अवसरहरू रहेको र देशमा उत्पादित जनशक्तिले आफ्नै देशमा रहेर देशको लागि योगदान पुऱ्याउनुपर्ने विचार व्यक्त गरे। साथै बैंकका प्रमुख कार्यकारी अधिकृतले बैंकले आगामी दिनहरूमा छात्रवृत्तिका कार्यक्रमहरूलाई परिमार्जित गर्दै शिक्षा क्षेत्रमा थप टेवा पुऱ्याउने कुरा बताए। आगामी दिनहरूमा पनि संस्थागत सामाजिक उत्तरदायित्वका कार्यहरूलाई थप प्रभावकारी रूपमा निरन्तरता दिने कुरा बैंकले जनाएको छ। विगत देखि नै ग्राहक महानुभावहरूको आम्दानीमा उच्च प्रतिफल दिन प्रतिवद्ध रहिआएको यस बैंकले आम ग्राहक महानुभावहरूको बैंकिंग आवश्यकता, चाहना तथा अपेक्षालाई मध्यनजर अझै थप गुणस्तरीय वित्तीय सेवा प्रदान गर्ने प्रतिवद्धता जनाएको छ। ज्योति विकास बैंकले हाल १२१ वटा शाखा कार्यालय, ३ वटा विस्तारित काउन्टर तथा ७५ वटा एटीएम मार्फत सेवा उपलब्ध गराउँदै आईरहेको छ।

हावाहुरीबाट जोगिने उपायहरू

◆ घरको संरचना बलियो बनाऔं,
◆ हावाहुरी चल्न थालेपछि झ्यालढोका थुनौं,
◆ छानालाई राम्ररी हुक तथा तारले कसेर बाँधौं,
◆ छतका गमला सुरक्षित रूपमा राखौं,
◆ जस्तापातालगायतका वस्तुहरू खुला र जथाभावी नछोडौं,
◆ हावाहुरी चलेमा भागदौड नगरौं, विस्तारै सुरक्षित स्थानमा जाऔं,
◆ सुरक्षित ओत नभेटे थुचुक्क बसेर दुवै हातले टाउको छोपी घोप्टो परौं,
◆ हावाहुरी चलेको समयमा सवारी साधन रोकेर सुरक्षित स्थानमा बसौं।

हावाहुरीबाट हुने क्षति कम गर्न पूर्व तयारी एवं सतर्कता अपनाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित **मुद्रण**ः एक्प्रेस कलर प्रेस, **कार्यालय**ः काठमाडौं-७, सिफल, नेपाल फोन नं.ः ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, **विज्ञापनका लागि**ः marketing2prabhab@gmail.com, **प्रबन्ध निर्देशक**ः कृष्ण कार्की, **सम्पादक**ः विष्णु तामाङ